International Research Journal of MMC (IRJMMC)

Vol- 5, No. 5, December 2024 | ISSN 2717-4999 (Online) | 2717-4980 (Print)

# गलकोटको राजनीतिक र सांस्कृतिक पृष्ठभूमि

# (The Political and Cultural Background of Galkot)

**DINBAHADUR THAPA**

*Author affiliations can be found in the back matter of this article

**CORRESPONDING AUTHOR**

**Dinbahadur Thapa**

Dhawalagiri Multiple Campus, Baglung

din21036@gmail.com

*KEYWORDS*

अनुकूलन (Adaptations)

कोटथान (Kotthan)

भग्नावशेष (Ruins)

राजपरम्परा (Royal traditions)

राजनीतिक र सांस्कृतिक पृष्ठभूमि (Political & cultural background)

*ABSTRACT*

नेपालभित्रको नेपाल भनेर चिनिने जिल्लाको नाम बागलुङ हो। बागलुङको मौलिक इतिहास र सांस्कृतिक पहिचान बोकेको स्थानीय तह भनेर गलकोट नगरपालिकालाई चिनिन्छ । यो पालिका कुनै समयमा ऐतिहासिक गलकोट राज्यका नामले चिनिन्थ्यो। गलकोटलाई चिनाउने अन्य विविध पहिचानहरू पनि छन् । तर यस लेखमा गलकोटको राजनीतिक र सांस्कृतिक पृष्ठाधारको मात्रै चर्चा गरिएको छ। गलकोट राज्यसँग राजपरम्परा र कोटथानको इतिहास जोडिएको छ । गलकोटमा मल्ल राजाहरुको १५ पुस्ताले राज्य गरेको इतिहास भेटिन्छ । कोटथानसँग माईथान, खड्गथान र हरेक जातजातिका परम्पारित पूजाविधिको इतिहास जोडिएको छ । यो लेख गलकोटको राजनीतिक र सांस्कृतिक पृष्ठाधारको खोजी गर्ने उद्देश्यले तयार गरिएको हो । यसमा प्राथमिक स्रोतका सामग्रीहरु स्थलगत अवलोकन र अन्तर्वार्तामा आधारित छन् भने द्वितीयक स्रोतका सामग्रीहरू पुस्तकालयीय अध्ययनमा आधारित छन् । यस अध्ययनले गलकोटे राज परम्पराका केही अवशेषहरु मात्र बाँकी रहेको देखाउँछ भने राज परम्परासँगै स्थापना भएका कोटथान, माईथान, मस्टोथान, बराहथान, झाँक्रीथान र विभिन्न जातजातिको कुलपूजा पद्धतिमा पनि निरन्तरता, अनुकूलन र रुपान्तरणको गति तीव्र रहेको देखाउँछ। राजनीतिक र सांस्कृतिक रुपान्तरणसँगै यी कतिपय सम्पदाहरु लोपोन्मुख अवस्थामा रहेका देखिन्छन् । तसर्थ यी ऐतिहासिक र सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्न आवश्यक छ। [Baglung, a district in Nepal, is often referred to as "Mini-Nepal." Galkot Municipality, functioning as a local government, embodies the district's fundamental historical and

Vol- 5, No. 5, December 2024 ISSN 2717-4999 (Online) 2717-4980 (Print)

cultural identity. Historically, this municipality was known as the Galkot State, which holds significant political and cultural relevance. Although Galkot is associated with multiple identities, this article focuses specifically on its political and cultural background. The royal traditions and the historical significance of Kotthan are intricately linked to the Galkot State, which was ruled by 15 successive generations of Malla kings. The history of sites such as Maithan and Khadgathan, as well as the traditional rituals of various castes, are closely tied to Kotthan. This study explores the political and cultural heritage of Galkot, employing primary sources such as on-site observations and interviews, alongside secondary materials from library research. The findings indicate that only limited remnants of the Galkot royal traditions remain. However, the practices associated with kulpuja at Kotthan, Maithan, Mastothan, Barahthan, Jhankrithan, and other locations, as well as among different castes, have undergone significant processes of continuity, adaptation, and transformation. The study concludes that some of these historical and cultural heritages, which are at risk of degradation due to political and cultural changes, require urgent preservation by relevant stakeholders. This article aims to serve as an important reference for those interested in studying and safeguarding these historical and cultural legacies.]

## १. परिचय

गलकोट कुनै समयको स्वतन्त्र राज्य र वर्तमानमा एउटा स्थानीय तह हो । चौबिसी राज्यअन्तर्गत पर्ने गलकोट राज्यको इतिहास कहिले स्वतन्त्र त कहिले पर्वत राज्यकै एउटा अङ्गका रूपमा रहेको पाइन्छ । स्वतन्त्र मल्ल राज्यलाई मल्लहरूकै बाहुबलले निसीदेखि गलकोट, ताकम, ज्यामरुक, पुला हुँदै कास्कीसम्म राज्य विस्तार गरी चार हजार पर्वतलाई बीस हजारसम्म पुऱ्याएको देखिन्छ । उही पर्वत राज्यको पाँचौ पुस्ताका राजा प्रतापीनारायण मल्लले आफ्नै शासनकालमा जेठा छोरा जितारीलाई गलकोट (दुई हजार) र कान्छा कल्याणलाई कास्की राज्य (दुई हजार) अंश स्वरूप छुट्याएर बाँकी रहेको सोह्र हजार पर्वत राज्य माइला छोरा राज मल्ललाई दिएका थिए भनिन्छ। उही पर्वत राज्यबाट भाइअंशका रूपमा प्राप्त भएको गलकोट राज्यमा मल्लहरूका १५ पुस्ताले राज्य गरेको पाइन्छ।

मल्लभन्दा पहिले पनि गलकोटमा स्थानीय भुरे मगर राज्य रहेको किंवदन्ती पनि सुनिन्छ। उनै भुरे राज्यका समयमा स्थापना भएको माईथानको अवशेष अद्यापि छ। खस र मल्लहरूको आगमनसँगै कोटथान (खड्ग र कालिका) र देउती माईका थानहरू स्थापना भए । समग्र अध्ययनले गलकोटको राजपरम्परा,

मौलिक संस्कृति, भावनात्मक एकता र पर्यटकीय सम्भावनालाई उजागर गरेको छ ।

गलकोट राज्यको इतिहास पर्वत राज्यसँग जोडिएको छ । डिम्बबमले खडा गरेको पर्वत राज्यलाई प्रतापीनारायण मल्लले अंशबन्डा गरी जितारी मल्ललाई गलकोट, राज मल्ललाई पर्वत र कल्याण मल्ललाई कास्कीको साराङकोट राज्य अंशबन्डा गरेका थिए भनिन्छ । गलकोट राज्यका सम्बन्धमा गौतम (२०४४), शर्मा (२०५१), श्रेष्ठ (२०५९), बानियाँ (२०६२), र बानियाँ (२०६३) लगायतका विद्वानहरुले पनि अध्ययन गरेका छन् । नेपालको राजनीतिक इतिहाससँग जोडेर गलकोट राज्यको अध्ययन गरिए पनि गलकोट क्षेत्रको मात्रै राजनीतिक र सांस्कृतिक पृष्ठभूमिको छुट्टै अध्ययन भएको छैन । गलकोटका विषयमा गौतम (२०४४) को 'गलकोट राज्यको ऐतिहासिक रूपरेखा', गुरुङ (सन् १९९६) को 'तरामी मगरको प्राकृतिक सम्पदा व्यवस्थापन पर्था' र थापा (२०५०) को 'गलकोट क्षेत्रमा प्रचलित लोकगीतहरूको सर्वेक्षण र अध्ययन' शीर्षकका शोधपत्रहरू तयार भएका छन् । तर यी अध्ययनले समग्र गलकोटका राजनीतिक र सांस्कृतिक इतिहासलाई समेट्न सकेका छैनन् । अनुसन्धानको यही रिक्ततालाई यस लेखमा अध्ययनको विषय बनाइएको छ ।

यस अध्ययनले गलकोटको राजनीतिक र सांस्कृतिक पृष्ठाधारलाई खोतल्नुका साथै गलकोटमा स्थापना भएका कोटथान, माईथान, मस्टोथान, बराहथान, झाँक्रीथान र विभिन्न जातजातिका कुल्यानथान तथा कुलपूजा पद्धतिमा देखिका रुपान्तरणका गतिविधिलाई औल्याएको छ । यस लेखमा राजनीतिक र सांस्कृतिक रुपान्तरणसँगै लोपोन्मुख अवस्थामा रहेका यी कतिपय ऐतिहासिक र सांस्कृतिक सम्पदाहरूलाई समयमै सम्बन्धित पक्षले नै संरक्षण गर्नुपर्ने निष्कर्ष निकालिएको छ ।

### १.१ उद्देश्य

वैदेशिक रोजगारी, पश्चिमी शिक्षा र आधुनिक जीवनशैलीले गर्दा नयाँ पुस्तामा आफ्नो इतिहास, संस्कृति, प्रकृति र मौलिक पहिचानप्रतिको दृष्टिकोणमा ह्रास आइरहेको छ । यो अवस्थामा कुनै पनि स्थानीय तहको राजनीतिक र सांस्कृतिक इतिहासको संक्षिप्त अध्ययनबाट भए पनि अध्ययनशील पाठकवर्गलाई केही नयाँ खुराक पस्कनु आवश्यक छ । तसर्थ यस लेखमा गलकोटका राजपरम्परा, कोटथान, माईथान, देउती माई, मस्टो, बराह, झाँक्री र विभिन्न जातजातिको इतिहास केकस्तो अवस्थामा रहेको छ भन्ने मुद्दालाई उठाउने उद्देश्यले यो लेख तयार गरिएको हो ।

## २. अध्ययन विधि

यो लेख गलकोटको राजनीतिक तथा सांस्कृतिक पृष्ठभूमि र वर्तमानका यथार्थ विषयवस्तुमा आधारित छ । स्थलगत अवलोकनमा आधारित सामग्रीलाई वर्णनात्मक र तुलनात्मक शैलीमा लेखिएको छ भने पुस्तकालयीय अध्ययनमा आधारित सामग्रीलाई विश्लेषणात्मक शैलीको प्रयोग गरिएको छ । यसमा प्रयुक्त इतिहासका तिथिमिति र घटनाहरू द्वितीयक स्रोतका सामग्री हुन् भने राजदरबार, कोटथान, माईथान, खड्गथान, मस्टोथान, बराहथान, कालिका, देउती माई, झाँक्री र विविध जातजातिहरूसँग सम्बन्धित विषयवस्तु प्राथमिक स्रोतका सामग्री हुन् । कतिपय इतिहास र संस्कृतिसँग सम्बन्धित तिथिमिति र घटनाहरू गलकोटका समाजसेवी, बुद्धिजीवी, पण्डित र सर्वसाधारण व्यक्तिका विचारहरू प्राथमिक स्रोतका सामग्रीहरू हुन् । त्यसैगरी आफ्ना निजी अनुभव, व्यवहारिक ज्ञान, क्षेत्रीय अध्ययन र आफ्ना पूर्व प्रकाशित लेखहरू पनि यसमा सन्दर्भित सामग्री हुन् । यिनै विविध स्रोतमा आधारित सामग्रीका आधारमा यो लेख तयार गरिएको छ ।

## २.१ गलकोटको पर्वत राज्यसँगको साइनो

प्राचीन समयदेखिनै स्वतन्त्र अस्तित्व हुँदाहुँदै पनि मध्यकालीन समयमा आइपुग्दा गलकोटको इतिहास पर्वत राज्यसँगै जोडिन पुग्यो । चौबिसी राज्यअन्तर्गत पर्ने गलकोट राज्यको इतिहास कहिले स्वतन्त्र त कहिले पर्वत राज्यकै एउटा अङ्ग बन्न पुग्यो । पर्वत राज्य (मल्लराज्य) को स्थापना हुनु अगाडि यस क्षेत्रमा ‘‘गलकोट, बिहुँकोट, सर्नाकोट, माझकोट, कार्कीकोट, बलेवाकोट, थन्थापको हाँडीकोट र श्रीकोट प्रमुख थिए’’ भनिन्छ (शर्मा, २०५१, पृ. १९)। यस भनाइबाट पनि गलकोट एउटा प्रभावशाली स्वायत्त राज्य थियो भन्ने अर्थ लाग्छ । डिम्बबम (वि.सं. १५४५ तिर) ले चार हजार पर्वतको स्थापना गर्ने क्रममा ‘‘उनले सर्वप्रथम गल्कोट, चन्द्रकोट, बिहुँकोट जस्ता बागलुङ भेकका कोटे राज्यहरू जिती पर्वतमा गाभेका थिए। .... त्यसपछि उनले आफ्ना तीन भाइमध्ये माहिलालाई दागाकोट, साहिलालाई बिहुँकोट र कान्छालाई गल्कोटमा राखेका थिए’’ भनिएको छ (शर्मा, २०५१, पृ. १८)। यो भनाइले पनि मल्लराज्य स्थापना हुनुपूर्व नै गलकोटमा कुनै कोटे राज्य रहेछ भन्ने पुष्टि हुन्छ । तर त्यो राज्य कसको थियो भन्ने अनुसन्धानको विषय बनेको छ।

खस साम्राज्यको विघटनसँगै पर्वत राज्यको स्थापना भएको हो । यसको सीमाना, नामकरण र स्थापनाका विषयमा ठोस आधारहरू त भेटिदैनन्। तर पर्वत राज्यभन्दा जेठो गलकोट राज्य हो भन्ने तर्क राख्न सकिन्छ । मध्यकालीन समयमा चौबिसी राज्यअन्तर्गत पर्ने पर्वत राज्यको सीमाना ‘‘धौलाशिर भनेर चिनिने हिमालय श्रृङ्खलाको काखमा अवस्थित पर्वत राज्य मूलतः कालीगण्डकी, म्याग्दी, राहुगाड, बडीगाड, मोदी र काँठेखोला प्रस्रवण क्षेत्रमा फैलिएको थियो’’ भनिएको छ (बानियाँ, २०७९, पृ. २४)। यस भनाइले पनि गलकोट पर्वत राज्यभन्दा छुट्टै अस्तित्वमा रहेको थियो भन्न सकिन्छ।

कतिपय ऐतिहासिक भनाइहरू आफैँमा परस्पर बाझिएका पनि छन् । जगदीशचन्द्र रेग्मी (२०२३) ले पर्वत राज्यको सीमाना पूर्वमा कास्की, पश्चिममा जुम्ला र दक्षिणमा प्युठानसम्म पुगेको र मुस्ताङलाई पर्वतले सैनिक सहयोग गरेको हुँदा मुस्ताङले जुम्लालाई हराएको प्रसङ्ग उठाएका छन् । त्यसैगरी इतिहासकार चित्तरञ्जन नेपाली (२०२२) ले पनि मर्स्याङ्दीदेखि प्युठानसम्मको भूभागलाई मगराँत क्षेत्रका रूपमा वर्णन गरेका छन् (थापा, २०७९, पृ. ३) । त्यसैगरी सर्भे अफ इन्डिया अफिसको ‘अ प्रिलिमिनरी एडिस अफ द म्याप अफ नेपाल (१९२३)‘ को नक्शामा धवलागिरि हिमालको काखमा “मंगरवंग” नामक प्रदेश उल्लेख गरिएको छ (श्रेष्ठ, २०५९, पृ. १२) । यो प्रदेश हालको निसी र भुजी खोलाको प्रस्रवण क्षेत्रमा पर्दथ्यो भन्ने अनुमान गरिएको छ । यी भनाइहरूबाट यस क्षेत्रमा मगरहरू पनि शक्तिसम्पन्न थिए र यो क्षेत्र आफैँमा स्वायत्तीकृत भूभाग थियो कि भन्न सकिन्छ। तर यी भनाइहरूबाट पनि गलकोट राज्य कसको अधीनमा थियो भन्ने स्पष्ट हुँदैन।

पर्वत राज्यको स्थापना हुनुपूर्व गलकोटलगायत यस क्षेत्रमा अनेकौं भुरे राजा र राज्यहरू भएका किंवदन्तीहरू सुन्न पाइन्छन् । गलकोटको समपोखरा (हालको ठूलोकोट नजिकै रहेको ठाउँ) मा रहेको मगरको राज्य (प्रशासनिक एकाइ) राजा दिलिपबमले वि.सं. १५४६ तिर खोसेका थिए भनिन्छ (गौतम, २०७८, पृ. ७) । यो भनाइले मल्लभन्दा पहिले गलकोटमा मगरहरूको वर्चस्व देखिन्छ । यस क्षेत्रमा मगरहरूको छुट्टै राज्यको अस्तित्व लिखित अभिलेखमा नभेटिए पनि आठौँ या नवौँ शताब्दीदेखि नै पशुपालन र घुमन्ते (पाँचसाले वा त्रिसाले) कृषिकर्म मगरहरूले गर्दै आएको र उनै मगरहरूले छोडेको जमिनमा ‘‘बाहुनक्षत्रीहरू खनजोत, मलजल गरेर आधुनिक तरिकाबाट खेती गर्थे’’ भन्ने तर्क मोहनबहादुर मल्ल (२०२८, पृ. ४३) ले राखेका छन्। यी विभिन्न भनाइहरू अनुसार पनि यस क्षेत्रका आदिवासी मगरहरू नै हुन् कि भन्ने तर्क गर्न सकिन्छ।

पवर्तराज्यका अन्तिम राजा कीर्तिबम मल्लको शासनकालमा आफ्ना भाइभारदारहरूलाई साक्षी राखी ‘भुज्यालको सिर्तो’ लगायतका सबै कर

माफ गरेर राजगुरुलाई बिर्ता दिएको व्यहोराको ताम्रपत्र प्राप्त भएको छ । यसमा भनिएको छ:

> स्वस्ति श्री ५ मन्महाराजधिराज कीर्तिवम्म मल्ल देवज्यूले स्वस्ति श्री ६– संतानकन वृत्ता विपलप् गरी सर्वदोष निर्दोष ठेकीवेठी दंड कुंड भुज्यालको सिर्तो इत्यादि सर्व कर माफ गरी नवरात्रमाहा पुनश्चरणको एही दक्षिणा संकल्प गरी स्वेष्ट देवताप्रपण गरी चह्राञा एस् वातका साक्षी काजी गरुडध्वज मल्ल... श्रीशाके १६९९ (वि.सं. १८३४) । (श्रेष्ठ, २०५९, पृ. २०६)

यो अभिलेखबाट वि.सं. १८३४ सम्म पर्वत राज्यले भुजेललाई कर (सिर्तो) तिर्नुपर्दो रहेछ र उक्त कर माफ गरी राजगुरुलाई बिर्ता दिइएको रहेछ भन्ने अनुमान लगाउन सकिन्छ ।

पर्वतको मल्लराज्य स्थापना हुनुपूर्व त्यस क्षेत्रमा थापाको राज्य थियो भनिएको छ । चन्द्रप्रकाश बानियाँ (२०७९) को भनाइअनुसार "धौलाशिर हिमालय श्रृङ्खलाको काखमा लम्तन्न सुतेको कालु थापाका सन्ततिहरूको राज्य पश्चिम ढोरपाटनदेखि पूर्वमा कालीगण्डकीसम्म फैलिएको थियो । थापाराज्यको दक्षिण–पश्चिममा रहेको निसीभुजी क्षेत्रमा मगरहरूको स्वतन्त्र राज्य स्थापित थियो । त्यही निसी राज्य नै चौबिसी राज्यहरूमध्येका एउटा शक्तिशाली राज्य पर्वतको आधारशिला बन्यो" भनिएको छ (पृ. २७) । यो भनाइले पनि गलकोट र पर्वत क्षेत्रका आसपासमा क्षत्री र मगरहरूका स्वतन्त्र राज्यहरू थिए कि भन्ने तर्क गर्न सकिन्छ ।

मगरहरू यस क्षेत्रमा शक्तिशाली हुँदाहुँदै पनि उनीहरूले पर्वत राज्यमा थापा (खस) को राज्य खोसेर मल्ललाई बुझाउन सहयोगीको भूमिका निर्वाह गरेका थिए भनिएको छ । श्रेष्ठले योगी नरहरिनाथ (२०१२) को सन्दर्भ उल्लेख गर्दै लेखेका छन्:

> पर्वत राज्यको राजनैतिक इतिहासमा महत्त्वपूर्ण भूमिका खेल्ने यी निसी–भूजीका मगरहरूले विक्रमको पन्ध्रौं शताब्दीको अन्त्यतिर खस राज्यअन्तर्गत शासकविरुद्ध षडयन्त्र गरी रुकुम राज्यका राजकुमारलाई ल्याई पर्वतका राजा स्थापना गरेकाले यस क्षेत्रमा मगरहरू निकै प्रभावशाली पनि भएको देखिन आएको छ । (श्रेष्ठ, २०५९, पृ. १२–१३)

यो भनाइले पनि मल्लहरूले पर्वतमा राज्य गर्नुपूर्व यस क्षेत्रमा खसहरूको स्वतन्त्र राज्य रहेको पुष्टि गर्दछ । मल्लहरूलाई मगरहरूले स्थापित गरेको देखिन्छ । धर्मराज थापा (२०१९) को स्रोत उल्लेख गर्दै विष्णुप्रसाद शर्माले एक अध्ययनमा भनेका छन्ः

> ताकमका पहिला थापा राजा कालुका ४ भाइ छोरामध्ये जेठा पुन्याखर पुलका, माहिला तारापति ताकुमका र कान्छा धर्मराज ज्यामरुकका राजा बनेका थिए । .... थापाहरूको सहयोगीका रूपमा सुवेदी, पौडेल, खनाल, पोखरेल, तिमिल्सना, अधिकारी, पराजुली, भट्ट, भट्टराई, गोतामे, काफ्ले आदि ११ थरी ब्राह्मणका साथ भण्डारी, खत्री, घर्ती, कार्की, आदि थरका क्षत्रीहरू रहेका थिए । ....यिनै थापा राजाको हातबाट १५४५ तिर डिम्बबम्ले यी राज्यहरू खोसेर लिएका थिए । (२०५१, पृ. १५)

यस भनाइले पनि पर्वत क्षेत्रमा मल्लहरूभन्दा पहिले थापाहरूको राज्य भएको अर्थ लाग्छ ।

मल्ल राजाहरूको इतिहास खोजी गर्दै जाँदा रुकुमतिरबाट आएका समालवंशी आनन्दबम मल्लले पहिलो पटक (वि.सं. १४९३) सर्पकोट र अर्नाकोटसहितको निसी नामको राज्य स्थापना गरेको हुन् भनिन्छ । उनका छोरा चन्द्रबमलगायत दुई पुस्ताले निसीबाट राज्य सञ्चालन गरेका थिए । डिम्बबमले वि.सं. १५४५ तिर थापाहरूको ताकम, पुला र ज्यामरुक खोसेर पर्वत राज्यको विस्तार गरेका हुन् भनिन्छ (बानियाँ, २०७९, पृ. २९) । मल्लले थापाको राज्य वि.सं. १४९३ या १५४५ मा खोसे भन्ने विषयमा दुई थरी भनाइहरू देखिन्छन् । यसमा १५४५ नै सत्यको निकट देखिन्छ । किनभने डिम्बको शासनकाल वि.सं.

१५९३ देखि १६१८ सम्म मानिन्छ । पर्वत राज्यको संस्थापक पनि उनै डिम्बमहाराज मानिन्छन् ।

पर्वत राज्यको स्थापन वि.सं. १४९३ मा आनन्दबम शाहीले गरेका हुन् भनिएको छ । उनै आनन्दबमले ताकमलाई आक्रमण गरी आफू आफ्नै सोलेपारिको चार हजार पर्वत राज्यमा फर्किएको र ताकममा रणवीरसिं थापालाई आफ्नो प्रतिनिधि नियुक्ति गरेका थिए । पछि उनैका नाति डिम्बबमले वि.सं. १५४५ तिर ताकम, पुला र ज्यामरुककोट आक्रमण गरेका हुन् भनिएको छ (बानियाँ, २०६२, पृ. ८६) । यस भनाइले सुरुमा तमान, निसी र भुजी खोलाको प्रश्रवण क्षेत्रमा मगरहरूले आनन्दबमलाई राजा बनाएका रहेछन् । पछि उनै आनन्नबमले सुरुमा थापाको ताकम राज्यमा आक्रमण गरी आफ्नै राज्यमा फर्केको र उनैका नाति डिम्बबमले पुनः ताकम लगायत पुरानो गलकोट राज्यलाई समेत आक्रमण गरी पर्वत राज्यलाई विस्तार गरेको बुझिन्छ ।

ताकमको थापाराज्य डिम्बले सम्वत् १५४५ तिर आफ्नो हात पारेपछि ''थापाहरू ताकुम छोडेर पूर्वतिर लाग्न आँटे । उनीहरूले रिसाएर ताकुम छोडे भने उनका दाजुभाइ पुला, ज्यामरुक र राखुसमेतलाई उठाएर ताकुममा हमला गर्नसक्थे । यसै कुराको विचार गरी राजनीतिज्ञ डिम्बले थापालाई 'रजाइँ हाम्रो, कजाइँ तिम्रो' भनेर फकाए'' भनिएको छ (मल्ल, २०२८, पृ. ४५) । यो भनाइ र स्थलगत अवलोकनमा तमबहादुर थापा (वर्ष ७१) को भनाइलाई स्मरण गर्दा राज्य खोसिए पनि केही थापाहरू तकममै बसेर काजी पद स्वीकारेको र केही थापाहरू त्यहाँबाट पूर्वतर्फ लागेको बताइन्छ । पूर्वतर्फ लाग्नेहरू कोही गलकोट र कोही पर्वतको थापाठान बसोबास गर्दै आएको देखिन्छ ।

बगाले थापाको वंशावली अध्ययन गर्दा कालु थापाका सन्तानहरूले ताकम, पुला, ज्यामरुककोट (म्याग्दी) र रुकुमतिर राज्य गरेका हुन् भनिन्छ । ताकमबाट राज्य खोसिएपछि पूर्वतर्फ लाग्ने थापाका सन्तानहरू गलकोट हरिचौ (सर्दाखेत) र मल्मका थापा हुन् भनिएको छ (थापा, २०७३, पृ. ११) । अद्यापि मल्म, सर्दाखेत, थापाठाना र ताकमका थापाहरूको कुलाचार, बन्धुत्वभाव र श्रुतिस्मृतिहरूमा एकरूपता पाइन्छ । यो भनाइअनुसार गलकोटमा मल्लहरू भन्दा पहिले नै थापाहरूको प्रवेश भएको देखिन्छ ।

थापाको इतिहास खोजी गर्दै जाँदा ताकम, पुला, ज्यामरुककोट आदि स्थानमा मल्लभन्दा पहिले थापाहरूको शक्तिकेन्द्र पुरानो देखिन्छ । ज्यामरुककोटको यसको आसपासमा रहेका माझकोट, कार्कीकोट र बागलुङ उपल्लाचौरमा भेटिएका पुराना किल्ल, पर्खाल, ओखल, प्राचीन खुँडा, हातहतियारसहितको कोटभवन, पुराना इटा, ढुङ्गा, झिंगटी, माटाका कलात्मक भाँडाका टुक्रा, राजाको हात्ती बाँध्ने ढुङ्गा (हालको आर्मी क्याम्पभित्र), देउती माईको थान (उपल्लोचौरमा) आदि उनै भुरे राजा (बगाले थापा) को समयमा निर्मित भग्नावशेष हुन् भन्ने विश्वास गरिएको छ (शर्मा, २०७०, पृ. ९) । कार्कीकोटको शीतकालीन दरबार बागलुङको उपल्लाचौरमा थियो भनिन्छ । शर्माको निष्कर्षमा ''डिम्बबम पूर्व (१५४५) बागलुङको पश्चिम निसीभुजी क्षेत्रमा मगर राजा भएको र बागलुङ बजार वरिपरिका भेकमा विभिन्न थुम र कोटमा भुरे टाकुरे क्षत्री राजाको शासन चलेको थियो'' भन्ने छ (२०७०, पृ. ९) । यस्तै भनाइ अर्को चन्द्रप्रकाश बानियाँ (२०६२) ले पनि 'ऐतिहासिक पर्वत राज्य' मा ताकम, पुला र ज्यामरुक इलाकामा तीन सय वर्ष अविच्छिन्न रूपमा कालु थापाकै सन्तानले चार हजार पर्वत नामको राज्य चलाएका थिए, उनैबाट खोसेर डिम्ब महाराजले बीस हजार पर्वत राज्य कायम गरेका हुन् भनेका छन् (बानियाँ, २०६२, पृ. ५) । यी भनाइले पनि पर्वत राज्यअन्तर्गत मल्लको शासनकालपूर्व थापाको शासन चल्थ्यो भन्ने अर्थ लाग्छ ।

पर्वत राज्यमा आनन्दबमका नाति डिम्बबमदेखि नागबम, नारायणबम (प्रतापीनारायण), राजबम, शिवबम, नागबम (दोस्रो), नारायण (दोस्रो), शाहबम, घनश्याम, मलेबम, प्रियव्रत (शाहबम) र कीर्तिबम (१८४३, आश्विन १४) सम्मका १४ पुस्ताले निसीदेखि पर्वतसम्म तीन सय वर्ष शासन सञ्चालन गरेका थिए भनिन्छ (श्रेष्ठ, २०५९, पृ. ३४–३६) ।

यिनीहरूमा पनि पर्वत राज्यको स्थापना गर्नमा डिम्बबम, राज्यविस्तार गर्नमा प्रतापीनारायण, विकास गर्नमा मलेबम र राज्य गुमाउनमा कीर्तिबम मल्लको भूमिका रहेको देखिन्छ।

पर्वत राज्यका शक्तिसम्पन्न राजा प्रतापीनारायण मल्ल हुन्। यिनलाई नारायणबम मल्ल (प्रथम) भनेर पनि चिनिन्छ। उनै पर्वत राज्यको पाँचौ पुस्ताका राजा प्रतापीनारायण मल्लले आफ्नै शासनकालमा तीन भाइ छोराहरूलाई राज्य अंशबन्डा गरिदिएका थिए (शर्मा, २०५१, पृ. २१)। जेठा छोरा जितारी मल्लले गलकोट राज्य प्राप्त गरेपछि उनी विभिन्न ११ थरघरका मासिहरूसहित वि.सं. १६३१ मा गलकोट प्रवेश गरेका हुन् भनिन्छ (गौतम, २०७८, पृ. ८)। यही मितिबाट गलकोटमा राजपरम्पराको लिखित इतिहास प्राप्त हुन्छ। राजा प्रतापीनारायण मल्लसँगै गलकोट राज्यको साइनो पर्वत राज्यसँग जोडिन पुग्यो।

## २.२ गलकोटमा राजपरम्परा

गलकोटको इतिहास राजपरम्परासँग जोडिएको छ। गलकोटको राजपरम्परालाई अध्ययन गर्दा जितारी मल्ल (वि.सं. १६३१) हुँदै पार्थिव, बिभु, श्रीपति, श्रीदत्त/राजदत्त, पार्थिपति, नारायण, श्रीनिवास, जगतबम र जगतप्रतापबम मल्ल (वि.सं. १८४४) सम्म १० पुस्ताले गलकोटमा दुई सय तेह्र वर्षसम्म प्रत्यक्ष शासन सञ्चालन गरेका थिए भनिन्छ (थापा, २०७८)। राज्य खोसिएपछि पनि अन्यत्र रजौटा उन्मूलन भइसक्दा गलकोटमा रजौटाका रूपमा उही राजपरम्परा कायम गर्दै जगतप्रतापका छोरा राज्यप्रतापको समयदेखि पृथ्वीबम, ललितबम, नारायणबम र भरतबम मल्ल (२०३८) सम्मका पाँच पुस्ताले रजौटाका रूपमा राजकाज चलाएका थिए भनिन्छ (शर्मा, २०७८, पृ. ८)। यसरी गलकोटमा राजा जितारीदेखि भरतबम मल्लसम्मका १५ पुस्ताले प्रत्यक्ष वा परोक्ष रूपमा शासन गरेको देखिन्छ। गलकोटलाई चिनाउन यही राजपरम्पराको महत्त्वपूर्ण भूमिका रहेको छ।

राज्यप्रतापबमपछि पृथ्वीबमले तेस्रो नेपाल तिब्बत युद्ध (१९१२) मा नेपाल सरकारलाई गलकोटबाट सिपाही र हातहतियार सहयोग गरेका कारण उनले राज श्रीपेच, रजौटा उपाधि र रु. तीन सयको नगद बिर्ता पाएका थिए भनिन्छ। तर उक्त बिर्ता स्वरूप पाएको राजाको श्रीपेच, उपाधि र सेवासुविधा समयसमयमा खोसुवा र थपघट भइनै रहन्थ्यो (थापा, २०७८)। राज्य खोसिएपछि जगतप्रतापबम मल्ल हटियाको रजराबाट सर्दाखेतमा बसोबास गर्न थाले। सर्दाखेतबाटै पाँच पुस्ता (राजप्रताप, पृथ्वीबम, ललितबम, नारायणबम र भरतबम) ले राजकाज चलाए। नारायणबमकै समयमा सर्दाखेतको राजदरबारमा आगोलागी भयो। सर्दाखेतबाट राजपरिवार हरिचौर बजारमा बसाइँ सरेको थियो भन्ने भनाइ बमबहादुर बस्नेत (वर्ष ८८) को थियो।

मञ्जेशबम मल्लको भनाइ अनुसार भरतबम मल्ल वि.सं. १९६८ मा राजा भए र उनले १९७८ सालमा हरिचौर बजारमा नयाँ राजदरबार बनाए। तर राजदरबारका सिपाही बमबहादुर बस्नेत (वर्ष ८८) को भनाइमा उक्त दरबार १९९० सालमा तयार भएको थियो भनिन्छ (थापा, २०७८)। अहिले पनि धेरैलाई भ्रम राजा भरतबम मल्लको दरबार नै ऐतिहासिक गोल्कोट राज्यको दरबार हो भन्ने छ। तर यो पुरानो स्वायत्त गोल्कोटराज्यको दरबार नभइ रजौटा राजा भरतबम मल्लले पछि (१९७८) बनाएको निजी दरबार हो।

जितारी मल्ल वि.सं. १६३१ मा गलकोट प्रवेश गरेपछि ग्रीष्मकालीन कोटसहितको दरबार पहाडको टाकुरो (गोलोकोत) मा निर्माण गरेका थिए। पछि उनैका सन्तान श्रीनिवास मल्लले शीतकालीन दरबार तल बेसीमा पर्ने हटियाको रजरा (राजाको खेत) मा बनाएका थिए भनिन्छ (शर्मा, २०७८, पृ. ८)। कुलराज शर्मा (वर्ष ८७) वि.सं. २००६ सालतिर (१२ वर्षको उमेरमा) कोटथानका मूल पुजारी थिए। उनको अनुभवमा हालको कोटथान परिसरमा करिब २० रोपनी क्षेत्रफलको गोलो घेराबार (कम्पाउन्ड) थियो। यही घेराबारभित्रको कम्पाउन्डलाई गोलोकोट

भनिन्थ्यो । त्यही घेराभित्र पनि माथिल्लो टाकुरोमा अहिलेकै संरचना भएको एउटा कोटथान/कोतघर (खड्का, कालिका र हातहतियारको भण्डार) र एउटा देउतीमाईको थान थियो । त्यसको करिब ५०० मिटर पश्चिममा पर्ने जङ्गलको छेउमा अर्को माईको थान थियो । अहिले पनि यिनै माईथान र कोतघर गलकोट राज्यका अवशेष मानिन्छन् । यही अवशेषमा गलकोटको माईथान र कोटथानको इतिहास बाँचिरहेको छ ।

कुलराज शर्मालाई स्मरण भएसम्म कोटथान वरिपरि करिब २२ वटा जति थुप्रा (दरबारका भग्नावशेष) हरू थिए । त्यसमध्ये एउटा ठूलो भग्नावशेषमा ९ फिट उचाइको दरबारको मूल ढोका थियो भने बाँकी टिन, सालका खम्बा, इटा र झिंगटीको संरचनायुक्त भग्नावशेषमात्रै थिए । वि.सं. २०१५/०१६ सम्म पनि ती दरबारका भग्नावशेष र दरबारको प्रवेश द्वार देख्न सकिन्थ्यो । त्यही प्रवेश द्वार र मूल ढोकामा दसैँको टीका आफैँ लगाइ दिएको स्मरण शर्मा (वर्ष ८७) सुनाउँछन् । त्यही संरचनाको बीचमा रहेको मूल कोटथानमा रहेका खड्ग र देउती माईको पूजा कुनै समय कुलराज शर्माले पनि गर्ने गर्दथे । यो पूजापरम्परा अद्यापि अविच्छिन्न रूपमा हुँदै आएको छ ।

मल्लहरूको राज्य खोसिएपछि कोटको दरबार पूरै भग्नावशेषमा परिणत भयो । ऐतिहासिक गोलोकोत दरबार कोटथानमा मात्रै सीमित भयो । कुलराजको भनाइअनुसार वि.सं. २००६ सम्म कोटथानकै एक छेउमा १७ वटा सिडी झरेपछि पानीको इनार भेटिन्थ्यो । त्यही इनारको पानी दरबारमा प्रयोग हुन्थ्यो । जीर्ण भएको कोटथान र देउतीमाईको थानलाई उनै कुलराज शर्मा राष्ट्रिय पञ्चायतको सदस्य भएको समय (वि.सं. २०४५ तिर) मा मर्मत गरियो । तर अन्य उत्खनन् र जीर्णोद्धारको पर्खाइमा रहेका बाँकी संरचनाहरू हाल नामनिसान नरहने गरी हराइसकेका छन् । कोटथानवरिपरिको दरबार क्षेत्रमा जमिन अतिक्रमण, डोजर लगाएर सम्म्याउने र कङ्क्रिटका पूर्वाधारहरू निर्माण गर्न लागेको देखिन्छ (स्थलगत अवलोकन १, भाद्र, २०८०) । यसले ऐतिहासिक कोटथानको गरिमा घटाएको छ र पुरातात्विक महत्त्वलाई ओझेलमा पारेको देखिन्छ ।

राजा जितारी मल्लको आगमन (वि.सं. १६३१) पूर्व गलकोटमा भुरेटाकुरे शासकहरूले शासन गर्दै आएको देखिन्छ । मल्लहरूको आगमनसँगै गलकोटमा राजा जितारीदेखि भरतबम मल्लसम्मका १५ पुस्ताले प्रत्यक्ष वा परोक्ष रूपमा शासन गरेका थिए । मल्लहरूको पतनसँगै गलकोटको ऐतिहासिक संरचनाहरू पनि लोप हुँदै गए । ठुल्कोटामा रहेका गोलकोटे दरबारको अस्तित्व पनि अस्तायो । कुलराजको भनाइअनुसार रजरामा रहेको शीतकालीन दरबारमा पनि पछिसम्म (कुलराजले जान्दासम्म) हात्तीसार लगायत दरबारलाई आवश्यक पर्ने सबै संरचनाका भग्नावशेषहरू थिए । मल्ल राजाहरू रजराबाट सर्दाखेत बसाइ सराइ गरेपछि भरतबम मल्ल ( वि.सं. २०१९ मा) ले रजराको खेत हटिया बजार निवासी श्रेष्ठ परिवारलाई विक्री गरेपछि रजराको सबै संरचना अस्तायो (शर्मा, वर्ष ८७) । अब गलकोटमा राजपरम्पराको अवशेष राजा भरतबम मल्लको निजी दरबार हरिचौरमा मात्र बाँकी रहेको छ । गलकोटमा राजपरम्पराको अन्त्यसँगै बाँकी रहेका भरतबम मल्लको राजदरबार र ठुल्कोटमा रहेका कोतघर, माईथान र देउती माईको थान संरक्षण गर्नु पुरातत्व विभाग, स्थानीय सरकार र गलकोटवासी नागरिकको परम कर्तव्य हो । यसैमा गलकोटको पहिचान भेटिन्छ ।

### २.३ कोटथान

आगन्तुक कोट शब्दको अर्थ शरीर छोप्ने वस्त्र भन्ने हुन्छ । झर्रो नेपालीमा कोट शब्दको अर्थ सुरक्षाका लागि बनाइएको किल्ला, गढी वा दुर्ग भन्ने हुन्छ । तसर्थ बहुमूल्य वा अनमोल वस्तुको रक्षाकवचको नाम कोट हो । यही कोटलाई भुरेटाकुरे राजाहरूले आफ्नो शक्तिकेन्द्र, किल्ला, गढी वा दुर्गका रूपमा स्थापना गरेको स्थानलाई कोटथान भनियो । यिनै कोटहरू नेपालीका मौलिक पहिचानका शक्ति केन्द्रहरू हुन् । कोटथानभित्रै हातहतियार राख्ने ठाउँको नाम कोत या कोतघर हो । आज कोट र कोत

पर्यायवाची शब्द बन्न पुगेका छन् । वास्तवमा कोट रक्षाकवच भवन वा भूक्षेत्र हो भने कोत हतियारको भण्डार हो । यही कोतघरमा हरेक वर्ष चैते र बर्खे दसैँमा नौ दिनसम्म आफ्नो शक्ति विस्तार वा शक्ति प्रदर्शनको प्रतीक स्वरूप दुर्ग (किल्ला) को पूजा हुन्छ ।

दुर्गालाई भूमेथान र कोटघरलाई खड्गथान पनि भनिन्छ । कतै माईथानलाई भूमेथान र खड्गथानलाई कोटथान भन्ने गरेको पनि पाइन्छ । बागलुङको कार्कीकोटमा भूमेथान, कोटथान (खड्ग र कालिका), झाँक्रीथान, भैरमथान, फुलपाती थान र पश्चिमे देवताको थान एउटै परिसरमा रहेको देखिन्छ । दसैँ वर्षको दुईपल्ट दुर्ग (सुरक्षा किल्ला) की शक्ति माता (दुर्गा) र निसानको पूजा गर्ने परम्पराको निरन्तरता हो । हरेक कोटथानमा दुर्गकी शक्ति माता (दुर्गा) र निसान पूजा हुन्छ भने हतियारको सरसफाइ गर्ने काम हुन्छ । यही परमपराले आज दसैँ पर्वका नामले प्रसिद्धि पाएको छ । कोटे राज्यहरूमा विजया दशमी मनाउने परम्पराको सुरुआत नै यही कोटबाट भएको देखिन्छ । गलकोटको सबैभन्दा ठूलो पर्व भनेकै दसैँको कोटपूजा हो । कोटपूजासँग धार्मिक आस्था, जात्रा, मेला, मनोरञ्जन, आहारविहार र मांसभोजनको सन्दर्भ जोडिएको छ ।

गलकोट आफैँमा कोटैकोटले सुसम्पन्न ऐतिहासिक भूगोल हो । पुरानो संरचनाअनुसार प्रत्येक गाउँ (पहाडका थुम्का) मा निर्मित ससाना कोटका संरचनाहरू अद्यापि भेटिन्छन् । तिनै कोटहरूमा गाउँ स्तरको बर्खे र चैते दसैँमा पूजा हुने गर्दछ । गलकोटमा सानो कोट, नुवाकोट (नयाँ कोट), साउँकोट, बिर्कोट, ठुल्कोट जस्त अनेक कोटहरू अद्यापि छन् । केही कोटहरू मन्दिरमा परिणत भइसकेका पनि छन् । तिनै कोटहरूमा खड्का, कालिका, मालिका, माई, झाँक्री, भूमे आदिका थानहरू लस्करै भेटिन्छन् । यिनै कोटहरूमध्येको सबैभन्दा ठूलो कोट गोल्कोट अर्थात पुरानो राजदरबार हो । यही गोल्कोटका विषयमा यहाँ थप चर्चा गरिएको छ ।

गलकोटको ऐतिहासिक राज्यलाई स्थानीय भाषामा अद्यापि ठुल्कोट भनिन्छ । ठुल्कोटको आफ्नै ऐतिहासिक महत्व रहेको छ । यसमा वर्षको दुई पल्ट बर्खे दसैँ र चैते दसैँमा भव्य मेला, जात्रा र पञ्चबलिसहित देउतीमाई, माई र खड्गको पूजा हुन्छ । दुबै दसैँमा औँसीको दिनदेखि नवामीसम्म कोटथानमा सरसफाइ, पूजापाठ र बाजागाजासहितको भव्य मेला लाग्ने गर्दछ । हरेक समुदाय र गाउँटोलको कोटथानमा परम्परित पेसागत कार्य विभाजन गरिएको हुन्छ । क्षत्री कर्ता वा उपासुले एक छाक खाएर चोखोनिष्ट गरी मन्दिर सरसफाइ गर्ने, राजदरबार वा स्थानीय सरकार प्रमुखको घरबाट फूलपाती भित्र्याउने, पूजासामग्रीहरू जुटाइदिने गर्दछन् भने ब्राह्मण पुजारुले आरती, पुष्पाञ्जली, पाठपरायण गर्ने गर्दछन् । विश्वकर्माले हतियार निर्माण र साज लगाउने काम गर्दछन् भने गन्धर्र्व वा दमाई जातिले कोटथानमा नौ दिनसम्म बाजा बजाउने र सराँय वा पट्टा नृत्य (तरबार नाच) देखाउने गर्दछन् ।

ठुल्कोट (पुरानो दरबार) मा करिब चार सय पचास वर्ष पहिले मगरहरूले आफ्नो सुरक्षा किल्ला निर्माण गरी माईथानको स्थापना गरी बसेका थिए रे भनिन्छ । तर यसमा ठोस प्रमाणहरू भने भेटिदैन । पछि उक्त किल्लामा खसहरूले आधिपत्य जमाए । कोटको नजिकैको गाउँको नाम नै खसगाउँ भनेर चिनिन्छ । उक्त खसगाउँमा बसोबास गर्ने गन्धर्र्वहरू आफैँ खस थिए कि खसहरू त्यहाँबाट अन्यत्र गएपछि उनीहरू आई बसोबास गर्न थालेका हुन् ? अनुसन्धानको विषय बनेको छ । ठुल्कोटमा हिजो जोजस्का पूर्खाहरूको लगानी र कुर्वानी भए पनि आज यसको अस्तित्व संरक्षण गर्नु हामी सबैको साझा कर्तव्य हो । भोलि यसमा सभ्यताको अनुहार, पर्यटनको आकर्षण र अनुसन्धानको केन्द्र बन्नसक्ने सम्भावना रहेको छ ।

कोटथानमा मल्लहरूको समयमा नयाँ कोतघर र माईथान वा कालिकादेवीको मन्दिर निर्माण गरियो । माईथानको कर्ता वा उपासुको जिम्मा खवासलाई दिइयो भने कोटथानको खड्ग (मूल तरबार) को संरक्षक खडका थर (क्षत्री) लाई दिइयो । पछि पुरानो परम्परा (ट्रेडिसन) सँगै नयाँ अनुकूलन (एडप्टेसन) का लागि शास्त्रीय ज्ञाता ब्राह्मण पुजारीलाई

पनि माई र खड्‌गको थानमा पुजारु राखियो । यसरी कोटथान (पुरानो दरबार) मा सबै जातजातिलाई समावेश गरी श्रम विभाजन गरियो । कोटथानलाई गलकोटका सबै जातजातिको सांस्कृतिक संकेन्द्र बनाइयो । यो सांस्कृतिक संकेन्द्र बनाउनमा मल्लहरूको ठूलो योगदान रह्यो ।

ठुल्कोटमा परम्पराको निरन्तरता दिँदै अद्यापि माईथानमा वि.सं. २०२५ सम्म खवास (मगर/कतै उनीहरू मल्ल ठकुरी भएको दावी पनि गरिन्छ) ले र त्यसपछि भण्डारी/थापाले मुख्य कर्ता वा उपासु र शास्त्रीय पण्डितका रूपमा सुवेदी ब्राह्मणले पूजा चलाउँदै आएको बुझिन्छ (खत्री, वर्ष ६८) । त्यसैगरी खड्‌गथान (कोटथान) मा पनि मुख्य उपासु खड्‌का (कहिले भण्डारी) र शास्त्रीय पण्डित न्यौपाने ब्राह्मणले पूजापाठ गर्दै आएको देखिन्छ । मल्लहरूका गुरूपुरोहित गौतमले देउतीमाईको पूजा गर्दै आएको भनाइ छ ।

गलकोटअन्तर्गत अर्को नयाँ कोट (नुवाकोट) स्थापना गरी मालिकाको मन्दिर स्थापनामा न्यौपानेको भूमिका देखिन्छ । टीकाराम न्यौपाने (वर्ष ६४) को भनाइअनुसार कोटथानमा करिब १५० वर्ष अघि वा पाँच पुस्ता (मङ्‌गल पाध्ये, केसु पाध्ये, षडानन्द, गंगाधर र टीकाराम) देखि कोटथानको खड्‌ग नुवाकोटका न्यौपानेले दसैँको द्वितीयाको दिनमा कोटथानमा लैजाने र नवामी वा दशमीका दिन आफ्नो घरमा लगेर आफ्ना मालिकादेवीको मूर्तिसँगै राखेर पूजा गर्ने परम्परा बसेको रहेछ । वि.सं. २०७४ मा नुवाकोट ओखरबोटमा नयाँ खड्‌गमालिकाको मन्दिर बनेपछि उक्त खड्‌गलाई दसैँको नवदुर्गामा ठूलोकोट (पुरानो दरबार) मा लैजाने र अघिपछि त्यही नयाँ मन्दिरमा राख्न थालिएको अनुभव न्यौपाने सुनाउँछन् ।

ठुल्कोटको कोतघरमा अद्यापि पुराना, खुँडा, खुकुरी, तरवार, भाला र नयाँ खुकुरी, तरबारहरू कोटथानमै रहेका छन् । सबैभन्दा पुरानो मानिने विशेष खड्‌गलाई विशेष काठको दापमा राखिएको छ । साना परेवाका आँखा जस्तै थोपाथोपाले कोरिएको उक्त खड्‌गलाई महिलाले हेर्न हुँदैन भन्ने मान्यता पनि रहेको छ । उक्त खड्‌गलाई वर्ष्को दुईपल्ट विशेष विधिविधानका साथ पूजा गरिन्छ । विशेष सुरक्षाका साथ खडका र सुवेदी ब्राह्मणलाई जिम्मा दिइएको छ ।

गलकोटको ठुल्कोटमा हुने विशेष पूजा भनेको खड्‌ग र माई वा कालिका भवगतीको पूजा हो । कोटथानलाई खड्‌गथान पनि भनिन्छ । यसमा वर्ष्को दुईपल्ट बोका, साँढ, राँगो, परेवा, कुखुरा र फुर्से वा कुपिण्डोले पूजा गरिन्छ । परापूर्वकालदेखि अद्यापि औँसीका दिन पुजारी, पूजाव्यवस्थापन समिति र सर्वसाधारण गाउँलेहरू जम्मा भएर कोट र माईथान परिसरमा सरसफाइ गरिन्छ । शुक्ल परेवाको दिन मूल खड्‌गलाई कोटमालिका (नुवाकोट) बाट कोटथानमा भित्र्याइन्छ र त्यहाँ भएका समेत सबै हतियार (खुँडा, खुकुरी, तरबार) लाई पञ्च स्नान (दूध, दही, घ्यू, गहुँत र गोवर) गराइन्छ । द्वितीयाको दिनमा बाजागाजासहित कोटथानभित्रै बाख्राको दुधे पाठो खड्‌गको नाममा बलि चढाइन्छ (खत्री, २०७८, पृ. ५) । त्यसपछि नवामीका दिनसम्म खड्‌गको थानमा नित्य पूजापाठ र बाजागाजासहितको मनोरञ्जनको कार्य हुन्छ ।

पञ्चमी वा सप्तमीका दिन मल्लहरूले पाठी बाख्रो बलि चढाएर देउती माईको पूजा गर्दछन् । देउती पूजालाई राजपरिवारको दोखपूजा पनि भनिन्छ । सप्तमीका दिनमा विभिन्न ठाउँबाट कोटथानमा फूलपाती भित्र्याइन्छ । कोटथानमा भित्रिएको फूलपातीलाई तीन भाग लगाई माईथान (कालिका भगवती), खड्‌गथान र खड्‌गदेव (मूल तरबार) सिंगार्न प्रयोग गरिन्छ (खत्री, २०७८, पृ. ५) । सिंगारिएका खड्‌गदेवलाई महिलाहरूले हेर्नु हुँदैन र अन्य अशुद्ध मानिसले छुनु हुँदैन भन्ने मान्यता पनि रही आएको छ । अष्टमीको राति जुन झुल्किएपछि कोटथानभित्रै कालरात्रिको बोको खड्‌गको नाममा बलि चढाइन्छ । नवामीका दिन कोटघरबाहिर बराहको थानमा साँढ बलि चढाइन्छ । त्यहीँनेर रहेको काठको मौलोमा मूल राँगो बलि चढाइन्छ । यसरी द्वितीयादेखि नवामीका दिनसम्म विधिपूर्वक कोटथान निवासी खड्‌गदेवको पूजा गरिन्छ ।

कोटथानभित्र मूल खड्गसहित नौ भाइ खड्ग (तरबार) को नाममा बोकाहरू काटिन्छ भने कोटथानबाहिर रहेको दुईवटा शिलालाई बराह, आलम, सिकारी झाँक्री वा बराह झाँक्री पनि भनिन्छ। उनै बराहझाँक्रीका नाममा साँढ र अन्य थानीमण्डलीका नाममा कुपिण्डो, भाले, परेवा र मौलोमा राँगो बलि बलि चढाइन्छ । पुरानो मान्यताअनुसार खसका कुल मस्टो र मस्टोका भान्जा बराह हुन् पनि भनिन्छ। तसर्थ कुललाई बोको र उनैका इष्टदेवता (भान्जा) बराहलाई साँढ, अन्य कुलका सानमानलाई राँगा, कुखुरा, परेवा आदिको बलि चढाइएको हो भन्ने तर्क पनि सुन्न पाइन्छ (न्यौपाने, वर्ष ६४)। यस विषयमा लेख्य प्रमाणहरू जुटाउन सम्भव देखिदैन । मौखिक श्रुतिपरम्पराअनुसार माई, खड्ग, कालिका, दुर्ग या दुर्गा, मस्टो, बराह, झाँक्री आदि सबै शक्तिका प्रतीक हुन्। गलकोटमा परम्परादेखि अद्यापि यिनै शक्ति वा नवदुर्गाको पूजा हुँदै आएको छ। यसमा परम्पराको निरन्तरता, अनुकूलन, रूपान्तरण र एकताको भाव झल्किरहेको छ।

## २.४ माईथान

'माईथान' भन्नाले खुला आकाशमुनि ढुङ्गाको चुलो वा चम्कामाथि राखिएको माई वा देवीदेवताको निराकार दैवी शक्तिको प्रतीक शिला वा मौलो (लाम्चो आकारको ढुङ्गो) लाई बुझाउँछ । गलकोटलाई चिनाउने त्यहाँका रैथाने अदृश्य दैवीशक्तिहरूमा माई, झाँक्री, देवी, भैरम, सिद्ध, कुल, मस्टो, बराह, वायु, दोखालो, मसान, भूतप्रेत आदि हुन्। यी सबै दैवी शक्तिको निवास भनेकै प्रकृति र प्रकृति मैत्री थान् हुन्। 'माई' शब्दले व्यापक अर्थमा 'माता, आमा, देवी, सन्यासी' आदि र सीमित अर्थमा 'बिफर वा महामारी' फैलाउने अदृश्य शक्ति भन्ने अर्थबोध गराउँछ । 'माई' शब्द प्रकृतिपूजक आदिवासीहरूले प्रयोगमा ल्याएको प्रतीत हुन्छ भने 'थान्' शब्द खसआर्यहरूले शक्तिपीठको प्रतीकका रूपमा प्रयोग गर्दै आएको देखिन्छ । कतिपय मगरहरू आमालाई 'माई/मोई' पनि भन्ने गर्दछन् । कुनै समय नेपाली समाजको गाउँगाउँमा हैजा, बिफर आदि सरुवा रोगव्याधि नफैलियोस् र मानिसलाई दुख नहोस् भनी गाउँको पुछार वा सिरानमा छुट्टै कुनै दुध आउने रुखमुनि वा ओढारमा माईथान बनाउने र माई पुज्ने चलन थियो । विभिन्न नामका माईथान नेपाली समाजमा अद्यापि कायमै छन्।

परापूर्वदेखि गलकोटमा माईपुज्ने चलन अद्यापि कायमै छ । वर्षको दुईपल्ट नवामीकै दिन कोटथानमा खड्काकालीको पूजा सकिएपछि कोटथानभन्दा पाँच सय मिटर पश्चिमको दूरीमा रहेको माईथानमा पञ्चबलिसहित पूजा हुन्छ । कोटथानका पुजारी टीकाराम न्यौपानेका बुबा गंगाधरको भनाइ र टीकारामको सुनाइअनुसार आजभन्दा करिब ५५ वर्ष पहिलेसम्म माईथानमा सुँगुर पूजा हुन्थ्यो रे (न्यौपाने, वर्ष ६४) । पछि सुँगुरको सट्टा साँढको बलि चढाउन थालियो। साँढ पाउन नसकिने र महागो हुने भएपछि वि.सं. २०७० तिरबाट साँढको सट्टा बोको बलि चढाउन थालियो हो भनिन्छ।

बागलुङको माईथानसँग गलकोटको माईथानका धेरै विशेषताहरू मिल्दाजुल्दा नै देखिन्छन् । पूजाविधि, पूजा गर्ने समय र माईलाई चढाइने बलिको प्रकृति उस्तैउस्तै देखिन्छ। स्थलगत अवलोकन गर्दा बागलुङमा चण्डीलाई छुट्टै पूजा गरी अरु माई, कालिकादेवी र खड्गलाई एउटै परिसरमा पूजा गरिन्छ । बागलुङमा परम्परादेखि खडका पुजारीबाट पूजा गरिन्छ भने गलकोटमा करिब पाँच सय मिटरको दुरीमा माईथान र कोटथान (खड्गथान) छुट्टाछुट्टै स्थानमा रहेका छन्। पूजा गर्ने पुजारु र पूजाविधि पनि छुट्टाछुट्टै हुने गरेको देखिन्छ। बागलुङमा माई र खड्ग, कोट र थानको छुट्टाछुट्टै अस्तित्व भेटिदैन तर गलकोटमा माईथान र कोटथानको छुट्टाछुट्टै अस्तित्व भेटिन्छ । बागलुङमा माईथानको गुठी संरक्षित अवस्थामा छ भने गलकोटको माईको गुठी संरक्षित अवस्थामा नरहेको देखिन्छ।

गलकोटमा कोटको स्थापना (वि.सं. १६३१) हुनुभन्दा करिब दुई सय वर्ष अघिदेखि नै माईको थान स्थापना भएको थियो रे भन्ने भनाइ कुलराज शर्मा (वर्ष

८७) को छ । कुलराजको भनाइअनुसार हालको ठूलो शिलासहितको माईथान मल्ल राजा गलकोटमा प्रवेश गर्नुपूर्व त्यहाँबाट करिब एक किलो मिटर माथि आलापोखरा भन्ने स्थानमा रहेछ । त्यहाँका आदिवासीहरूले पुज्दै गरेको माईको प्रतीक मानिने शिलालाई पहिरोले तल ल्याएपछि मल्ल राजाले त्यही शिलालाई घेराएर मन्दिर बनाउन प्रयत्न गरे तर शिलामा हलचल आएको (मन्दिरभित्र बस्न नचाहेको) देखिएपछि शिलालाई बाहिर छोडी माईको मन्दिर (वि.सं. १६३१–०३७) छुट्टै बनाइयो । मन्दिरभित्र सालको काठमा महाकाली, महालक्ष्मी र महासरस्वतीको मूर्तिसहित माटोका सुम्भ, निसुम्भ, मैसासुर, रक्तविज्, चण्ड र मुण्डका गरी छवटा राक्षसका टाउकाहरू साथैमा राखिएको छ । यसैलाई अद्यापि कसैले माईथान (माईपूजा) त कसैले कालिका भगवती मन्दिर (कालिका भगवतीको पूजा) भन्ने गर्दछन् । यथार्थमा पुरानो माईको थानलाई नयाँ कालिका भगवतीको मन्दिर भन्न थालिएको छ ।

कोटथानका पुजारी टीकाराम न्यौपाने (वर्ष ६४) का अनुसार माईथानमा पछि मन्दिर निर्माण गर्न घडेरी खन्ने क्रममा दुईवटा शिला प्राप्त भए । उक्त शिलालाई मन्दिरको जगमा पुर्ने कयौं प्रयास गर्दा पनि ती शिला बाहिरै निस्किए । तसर्थ माईको मन्दिर उनै शिला अगाडि बनाइयो । ती शिलालाई बाहिरै तामाको छतरी बनाई राख्दा पनि त्यो वर्ष गलकोटमा पानी नपरी हाँहाकार मच्चियो । पानी नपर्नुको कारण माईथानमा छत वा छतरी राख्नाले हो भन्ने हल्ला चलेपछि पुरानो मान्यताअनुसार उक्त छतरी हटाई शिलालाई मन्दिरबाहिर छुट्टै थानका रूपमा पूजा गर्न थालियो भन्ने भनाइ छ । यसबाट पनि माईथान र मन्दिरको इतिहास फरक भएको पुष्टि हुन्छ ।

माईको शक्तिका विषयमा देवेन्द्र खत्री (वर्ष ५७) रहस्यमय घटना सुनाउँछन् । उनी आफैँ कोटथान व्यवस्थापन समितिको अध्यक्ष भएको अवस्थामा माईथान जीर्णोद्धार गरी ठूलो आकारको मन्दिर निर्माण गर्ने निर्णय गर्दैको दिन (वि.सं. २०५८ चैत्र २) आफूलाई अनिष्ठ भएको अनुभव उनी सुनाउँछन् । यो घटना संयोग मात्र हुन पनि सक्छ तर प्रकृति र मानवबीचको रहस्यमय सम्बन्ध नबुझेर नै माईको शक्तिप्रति आस्था र विश्वास कायम रहेको हो । माईका सम्बन्धमा यी र यस्तै भनाइ र भोगाइले गर्दा अद्यापि माईलाई मन्दिर वा छानोभित्र राख्नु हुँदैन भन्ने परम्परागत मान्यतालाई थप रहस्यमय बनाएको छ ।

गलकोटमा माईको सामुहिक पूजा वर्षको दुईपल्ट चैते र बर्खे दसैँमा पाँच मेडोसहित खड्गको पूजासँगै हुने गर्दछ । व्यक्तिगत भाकलको माईपूजा भने श्रावण, कार्तिक र माघ महिनाबाहेक अन्य बाह्रै महिना हुने गर्दछ । माईको भाकल गर्नाले मनले चिताएको र आँटेताकेको पुग्छ भन्ने जनविश्वास अद्यापि कायमै छ । माईको पूजाविधिका सम्बन्धमा खवासहरूले पूजा गर्दै आएको माईथानमा वि.सं. २०२५ सम्म सुँगुरसहित राँगो, साँढ, कुखुरा र परेवा बलि चढाएर माईका नाममा पूजा गरिन्थ्यो । तर यो पूजाविधिमा क्रमशः सुधार हुँदै आएको छ । कोतपूजा व्यवस्थापन समितिको भनाइ छः

> पहिला करिब वि.सं. २०२५ सम्म थानको पश्चिमतर्फ रहेको चेप्टो ढुङ्गामा सुँगुरले पूजा गरिन्थ्यो भने हाल सुँगुरको पूजा गरिदैन .... जेठो राँगोको बलि दिएपछि पहिला खवास पुजारीले राँगाको गर्दनको रगत मुखले चुसेर मन्दिरभित्र कालिका भगवतीको मूर्तिको बाहिर राखिएका चण्ड, मुण्ड राक्षसको टाउकोको अगाडि टपरीमा राखिएको चामलमा वाक्थे र सो रगतले मुछिएको चामल दुई भाग गरी चण्ड मुण्डका अगाडि राख्ने गर्दथे । (खत्री, २०७८, पृ. ६–७)

अहिले माईको थानमा सुँगुरको बलि नचढाए पनि साँढ वा बोको, राँगो, कुखुराको भाले बलि चढाउने र परेवा उडाएर पूजा गरिन्छ । पहिले परेवा पनि बलि चढाइन्थ्यो ।

माईको थाननेर करिब छ, सात नाम्लाको फेरो लाग्ने बागलुङ जिल्लामा कतै नभएको ठूलो देवदारु सल्लाको रुख थियो (कुलराज शर्मा, वर्ष ८७), जुन रुख हाल ढली सकेको छ । माईको थान वा मन्दिरभित्र

महाकाली, महालक्ष्मी र महासरस्वतीको मूर्तिसहित माटोका सुम्भ, निसुम्भ, मैसासुर, रक्तविज्, चण्ड र मुण्डका गरी छवटा राक्षसका नाममा पशुबलि चढाइन्छ । रैथाने माईको प्रतीक खुला आकाशमुनिको शिला र खर्से (दुधालु प्रजाति) को रुख बाँकी रहेको छ । यही शिला र खर्सेको रुखमुनि माईको पूजा हुन्छ ।

गलकोटमा माईथानका मौलिक विशेषताहरू हराउँदै गए पनि केही परम्परा बाँकी छन् । खवास पुजारीले माईका नाममा सुँगुर बलि चढाउने र मौलोमा काटिएको राँगोको आलो रगत मुखैले चुसेर मन्दिरभित्र कालीका बाहनलाई खुन चढाउँथे भनिन्छ । खवास पुजार हटेपछि सुँगुर पूजा गर्ने र मुखले राँगाको खुन कालीका बहानलाई चढाउने परम्परा हटेर गएको भन्ने भनाइ पूजा व्यवस्थापन समितिको छ (खत्री, २०७८, पृ. ७) । हाल माईको थानमा ब्राह्मण पुजारी सुवेदी र कर्ता वा उपासु बगाले थापा थरका व्यक्ति रहेको बुझिन्छ । यो परम्पराको निरन्तरताले गलकोटको माईप्रतिको आस्थालाई बचाइ राखेको छ । परम्परित माईको थान आधुनिक भगवती मन्दिरमा अनुयोजन भएको अनुभूति गर्न सकिन्छ । माईको थानमा सामाजिक एकता, सहअस्तित्व, अनुकूलन, सहिष्णुता, प्राकृतिक गुण र परम्परागत मान्यताले निरन्तरता पाइरहेको छ । पुर्खाले चलाएका प्राकृतिक पूजापद्धति, विशुद्ध मौलिकपन र प्रकृतिमैत्री माईथानको अवधारणालाई बचाइ राख्नु हाम्रो परम कर्तव्य हो ।

## २.५ मस्टोथान

नेपालमा मानिसको पहिचान गर्ने आधार थर, गोत्र, कुल, धर्म, पेसा, भूगोल आदि हुन् । थरहरू पनि कुनै समयका पेसा, उपाधि र स्थान विशेषका नामबाट रहन गएका हुन् । आचार्य, द्विवेदी, सुवेदी, अधिकारी, थापा, कार्की, खड्का, भण्डारी आदि पेसासँग सम्बन्धित थरहरू हुन् (देवकोटा २०६४, पृ. १६४–१६५) । त्यस्तै पोखरेल, गैरे, रेग्मी, गौतम, घिमिरे आदि स्थान विशेषका नामबाट राखिएका थर हुन् । जुम्लाको सिञ्जाबाट पूर्वतिर आएका सबै खस (क्षत्री–बाहुन) हरूका आदिम वा प्राकृतिक देवता भनेकै मस्टो हुन् (थापा, २०८० क, पृ. ६) । यिनै मस्टो देवतालाई पश्चिमबाट आएका सबै खस–बाहुनहरूले निश्चित स्थानमा आआफ्नै कुल्यानथान बनाएर निश्चित तिथिमितिमा कुल पुज्ने चलन छ । वि.सं २०५० को दशकपछि प्रायः यी मस्टोका थानहरू मन्दिरमा परिणत भएको र मन्दिरमा अनेक प्रकारका इष्ट देवीदेवताका मूर्तिहरू स्थापना गरेका उदाहरणहरू प्रत्यक्ष देख्न पाइन्छ । मन्दिर विकाससँगै मस्टोको मौलिकपन हराउँदै गएको अनुभूति गर्न सकिन्छ ।

कुलका प्रतीक नै मस्ट/मस्टा वा मस्टो हुन् । मस्टोलाई वायुको प्रतीक वा कुलको निराकार स्वरूप मानिन्छ । यसमा मूर्ति र मन्दिरको कल्पना हुँदैन । मस्टोको कुनै मूर्ति हुँदैन भन्ने स्थापित मान्यता हो (शर्मा, २०७१, पृ. २४८) । बरु मस्टोलाई लिङ्गो र ध्वजाको रूपमा पूजा गरिन्छ । आज पनि हरेक कुलपूजामा बाँस वा निगालो प्रजातिको लिङ्गो र रातासेता ध्वजाको अनिवार्यता रहन्छ । लिङ्गो उपासनाले पशुपालन युगको सङ्केत गर्दछ भने ध्वजाले विजय उत्सवको सङ्केत गर्दछ । कतिपय मस्टोका उपासकहरूले मस्टोको निराकार रूपलाई साकार रूप दिन ध्वजालाई इन्द्रको प्रतीक र लिङ्गोलाई शिवको प्रतीकका रुमा अथ्र्याएको पनि पाइन्छ (खत्री, २०५८, पृ. ७५) । सायद यसैबाट थानहरू मन्दिरमा विकसित भएको हुनसक्छ ।

मस्टोका विषयमा फरकफरक भनाइहरू पाइन्छन् । कतै बराह र मस्टो फरकफरक देवता हुन् भन्ने भनाइ पाइन्छ भने कतै बाह्र भाइ मस्टलाई बराहमस्ट भनिएको हो पनि भनिन्छ । कतै अठार भाइ मस्टोका एउटी बहिनी (मन्डाल्नी वा भवानी) र उनै बहिनीका बाह्र भाइ छोराहरू बराह हुन् भनिएको पाइन्छ । यिनै १८ भाइ मस्टा (मामा) र १२ भाइ बराह (भान्जा) लाईसँगै पूजा गरिने भएको हुँदा बराहमस्ट भनिएको हो भन्न तर्क पनि सुन्न पाइन्छ (थापा, २०८० ख, पृ. ६९) । प्रायः खसहरूको कुलपूजामा मस्टोलाई बोका र बराहलाई भेडाको साँढ बलि चढाउने परम्परा देखिन्छ । खसहरूले बराहलाई कुलका इष्ट देवता मान्ने

चलन छ । यसर्थमा खस र मगर (जनजाति) हरूको सहसम्बन्ध धेरै पुरानो हो भन्ने तथ्यको पुष्टि हुन्छ ।

माधवप्रसाद पोखरेलको भनाइमा पनि सबै पहाडे खस (बाहुन, छेत्री, ठकुरी, कामी, दमाई, सार्की, बादी आदि) हरूका मूल कुल देवता मस्टो हुन् । मस्टो बाल ब्रह्मचारी हुन् । मस्टोको थान खुला हुन्छ, त्यहाँ छानो हुँदैन, मस्टाको मूर्ति हुँदैन, ढुङ्गो थापेर अथवा खोपामै मस्टो पूजा गरिन्छ (पोखरेल, २०७६, मङ्सिर १४) । मस्टोका बाबु इन्द्र हुन् र उनका आराध्य देव शिव हुन्, शिवले सबै प्राणीको भरणपोषण र रक्षा गर्न खटाएका गणपति मस्टो हुन भनिन्छ । मस्टोलाई कुलदेवता, भूमिपति, क्षेत्रपाल, स्थानीय देवताका गणपति, परम शक्तिका देवता, उदारता र समन्वयका प्रतीक आदि अर्थको प्रतीकका रूपमा पनि हेरिन्छ (थापा, २०८० क, पृ. ७) । मस्टोका यिनै विविध नामले गर्दा पनि आज गलकोटमा मस्टो पूजाका विविध पद्धति विकास भएका हुन् ।

गलकोटमा मस्टोपूजाका विधि र पद्धतिमा एकरूपता आउन नसक्नुका विविध कारणहरू मध्ये मस्टो निराकार हुने हुनाले सामान्य व्यक्तिबाट मस्टो वा कुलपूजा हुन सक्दैन । मस्टो वा कुल बोलाउने, पूजा गर्ने र विदा गर्ने विशेष व्यक्तिलाई मूल धामी र धामीको सहयोगीलाई डाङ्ग्रे भनिन्छ । मस्टोपूजामा धामीले आफ्नो उत्पत्ति, विस्तार, शाखा, सन्तान र सबै पूजाविधिका विषयमा झाँकमा बताउँछ । त्यसैलाई पतुर्ने वा पतुर्नु भनिन्छ (थापा, २०८० क, पृ. ७) । मस्टो वा कुल उत्रिएका धामीमा यी र यस्तै ऐतिहासिक कुरा, समसामयिक विषय र भविष्यवाणी गर्नसक्ने सामथ्र्य हुन्छ भन्ने विश्वास गरिन्छ । तर आज यो गहन विषयमा अध्ययन हुन नसक्दा पनि मस्टोपूजामा एकरूपता आएन सकेन । भनाइ, सुनाइ र गराइमा कतै एकरूपता पाइदैन ।

मस्टोपूजाको परम्परा पश्चिमबाट पूर्वतर्फ अगाडि बढेको हो । पश्चिमबाट पूर्वतिर सर्ने क्रममा कतिपयले "आफ्ना कुलदेवतालाई साथै लिएर गए र तिनलाई आआफ्नो ढङ्गले मान्दै रहे, शास्त्रीय हिन्दुधर्मको पर्व–पूजा र आचरणमा व्यापक प्रभाव परेपछि कतिले आफ्नो प्रारम्भिक कुलदेवता बिर्से र अन्य लोकप्रिय देवीदेवतालाई नै कुलदेवताको रूपमा प्रतिष्ठापित गरे" भन्ने तर्क पनि पाइन्छ (खत्री, २०५८, पृ. ७५) । यी र यस्ता अनेक तर्कहरू हुँदाहुँदै पनि आज मस्टोलाई कुलपितृको प्रतीक, शिवको अंश, इन्द्रको सन्तान र प्रकृतिको प्रतीक मानेर कुनै न कुनै रूपमा पुजिन्छ । मस्टोलाई खस जातिको मुख्य देवता, सामाजिक न्यायका देवता, पथप्रदर्शक, पालनकर्ता र सम्भारकर्ताका रूपमा लिइन्छ । मस्टोको वास्तविक मर्म बुझ्न नसक्दा खुला आकाशमुनि रहेको मस्टोथानलाई मन्दिरमा परिणत गरी शास्त्रीयविधिपूर्वक पूजापाठ गर्न थालिएका उदाहरणहरू पनि पाइन्छन् ।

संस्कृतिविद् जगमान गुरुङ (२०७६) को भनाइअनुसार सम्पूर्ण खस (क्षत्रीबाहुन) हरूका कुल भनेकै मस्टो हुन् । मस्टोका १२ भाइ र नौ बहिनी भवानी छन् । मस्टो पुज्ने आआफ्नै विधि र परम्परा हुन्छ । मस्टोको थानमा कुलको ज्येष्ठ पुरुष (जेठोबुढो) र धामीबाहेक अरु प्रवेश गराउनु हुँदैन र थानमा छानो राख्नु हुँदैन भन्ने तर्क गुरुङको छ । मस्टोका नाममा धूप राख्दासाथ धामीमा मस्टो आफैँ चढ्छन् । मस्टोको निवास वा थान ओढार, दुधालु रुख, फलफूलको रुख वा बसौँ टिक्ने रुखमुनि हुन्छ । पूजाको दिनमा मात्र त्यहाँ स्याउला बारेर थान बनाइन्छ । त्यही थानमा पूजाको दिन घरबाट चमर, घण्टी, दियो, कलस र पूजासामग्री ल्याई पूजा गरिन्छ । मस्टोपूजाका यी विधि र पद्धतिहरू केही वर्ष पहिलेसम्म गलकोटमा यत्रतत्र पाइन्थ्यो तर आज तीव्र सहरीकरण, बसाइ सराइ, वैदेशिक रोजगारी, शास्त्रीय पद्धतिको अनुसरण, आधुनिकताको प्रभाव आदि कारणले ह्रास आइरहेको छ ।

गलकोटमा मस्टोपूजालाई कुलपूजा वा कुल्यान पूजा भन्ने चलन छ । गलकोटमा बसोबास गर्ने सबै थरघरका मानिसले कुनै न कुनै प्रकारले मस्टो वा कुल पुज्ने परम्परा रहेको छ । स्वाभिमान पत्रिकाका सम्पादक बेलुकाजी थापाले तयार गरेको 'गलकोटका जातजातिहरूको इतिहास र कुलपूजा' शीर्षकको

लेखमा आधारित वस्तुगत विवरणलाई निम्न तालिकामा प्रस्तुत गरिएको छः

तालिका १: *गलकोटमा बसोबास गर्ने विभिन्न जातजाति र बसोबास क्षेत्र*

| जातजाति | गोत्र | पुज्ने देवता | घरपरिवार | आगमनको स्रोत | मूल बसोबास क्षेत्र |
|---|---|---|---|---|---|
| बगाले थापा | आत्रेय | मस्टो–बराह | ५५० परिवार | जुम्ला, डोटी, ताकम हुँदै | मल्म, सर्दाखेत |
| खुलाल खडका | धनञ्जय | मस्टो–बराह | २४१ परिवार | कालीकोटबाट | गनपा १, दुदिलाभाटी |
| पुवाँर खडका | कपिल | मस्टो–बराह | ८८ परिवार | पाल्पाको कटुञ्जेबाट | गनपा ७, मल्म |
| श्रीपाली बस्नेत | भारद्वाज | मस्टो–बराह | २२० परिवार | बझाङ, बाजुराबाट | गनपा ५ भैसे |
| कौशिक बस्नेत | कौशिक | मस्टो–बराह | ५ परिवार | प्युठानबाट | गनपा ७, आँगखेत |
| मल्ल ठकुरी | अत्रि | मस्टो–बराह | – | म्याग्द, पुलाबाट | हरिचौर र आँगखेत |
| मुचुल्के कार्की | – | बराह–कालिका | – | पर्वतको कार्कीनेटाबाट | भुड्खानी, नरेठाटी |
| भारद्वाज कार्की | भारद्वाज | – | – | उदयपुरबाट | मल्म, बतासेडाँडा |
| गोतामे खत्री | – | मस्टो–बराह | ४०७ परिवार | रुकुमकोटबाट | गल्याङ, स्याँला, भुड्खानी |
| साहानी | कपिलदेव | मस्टो–बराह | १७६ परिवार | जुम्लाबाट | धुस्तङ, मल्म, चरौदी |
| जाउन्टे खत्री | वशिष्ठ | मस्टो–बराह | १२८ परिवार | बागलुङ बलेवा | हरिचौर |
| बोहोरा क्षत्री | कौशिक | मस्टो–बराह | ३०० परिवार | गोरखाबाट | बोहोराफाँट |
| चोखाल | भारद्वाज | मस्टो–बराह | ८७ परिवार | म्याग्दीको पुला, हटिया खसगाउँ हुँदै | तारखोला, गनपा ७ को नरौदी र अर्बेदी |
| बुढाथोकी क्षत्री | वशिष्ठ | मस्टो–बराह | ४४ परिवार | जाउन्टे खत्रीका सगोत्री | कायस, नेपाने, खुइला |
| बुढाथोकी मगर | कौशिला | – | – | रुकुमबाट | काँडेबासको बिर्कोट |
| भण्डारी क्षत्री | कौशिका | मस्टो | ३५० परिवार | रुकुम, दैलेख | धुस्तुङ, राम्चे, रानीबासा |
| घिमिरे खत्री | कस्यप | मस्टो–बराह | ४६ | गुल्मीबाट | आँगखेत, सिरबारे |
| सापकोटा खत्री | कौडिल्य | कलङ्की माई | २० परिवार | दमेकाबाट | दुदिलाभाटी |
| गौतम | अत्रि | मस्टो–बराह | ५०० परिवार | रुकुम गौतमकोटबाट | हटिया, मल्म, काँडेबास |
| रेग्मी | कौशिक | कालिका | २७ परिवार | बझाङको रेगमबाट | चरौदी, हरिचौर, |
| पौडेल | आत्रेय | | ७ परिवार | मरुङबाट | आँगखेत |
| सापकोटा | कौडिल्य | बज्रयोगिनी र विन्ध्यावासिनी | – | बागलुङ रातामाटा | रिस्मी, छिस |
| ढकाल | अभिमन्यु | मस्टो–बराह | – | आँधिखोलाबाट | हरिचौर |
| चालिसे | वशिष्ठ | – | – | जुम्लाबाट | काँडेबास चलिसेटोल |
| पाण्डे | भारद्वाज | कालिका | ५१ परिवार | कुमाउ, गढवाल हुँदै | गलकोट चरौंदी |
| मरासिनी | – | | – | गुल्मी अर्घातोसबाट | मल्म डाँडा, देउराली |
| लोहनी | भारद्वाज | | ३५ परिवार | लम्जुङको राइनासबाट | हरिचौर |
| गैरे | वशिष्ठ | | | बागलुङको गैरगाउँबाट | चरौदी, ठाना, |
| निउरे | – | – | – | छहरे खोला, बिहुँ हुँदै | ठाना |
| कँडेल | भारद्वाज | सप्तऋषि | | बिहुँकोटबाट | गलकोट |
| थकाली | नर्सलथिमा | तोरल्ह (पर्व) | १९ परिवार | थाकखोला | हटिया, हरिचौर |
| श्रीस मगर | पाण्डु | बराह– मस्टो | ४०० परिवार | हुम्ला | पाण्डवखानी, हरिचौर, रिघा |
| छन्त्याल | बौद्ध | झाँक्री | २७ परिवार | म्याग्द | भुस्कात, अर्गत |
| गुरुङ | भद्र सन्पम | | – | गुल्मी | मल्म, दुदिलाभाटी, भुस्कात |
| श्रेष्ठ नेवार | कास्य | | २७ परिवार | गुल्मीको टक्सार | हटिया, हरिचौर र नरेठाटी |
| दर्जी÷दर्नाल | – | | – | देशका विभिन्न क्षेत्रबाट | गलकोटका प्रायःसबै गाउँमा |
| सार्की | – | | – | – | मल्मको सिरबारे, चरौदी |
| गन्धर्व | कौशिला | बाई | | जितारी मल्लसँगै | हटियाको खसगाउँमा |

| | | | | | |
|---|---|---|---|---|---|
| विश्वकर्मा | विभिन्न | | – | देशका विभिन्न क्षेत्रबाट | गलकोटका प्रायःसबै गाउँमा |
| पुनमगर | विभिन्न थरका | – | – | – | – |
| तरामी मगर | – | | – | – | – |
| अर्गेली मगर | – | | – | – | – |
| अन्य | , – | | – | – | – |

स्रोतः *थापा, २०८०, पृ. १०८ – ११०।*

कुनै समयमा एउटा कोटे राज्य स्थापना गर्न सात थरघरका मानिस (राजा, काजी, पण्डित, वैश्य वा घर्ती, विश्वकर्मा, चर्मकार र दर्जी) को आवश्यकता पर्थ्यो भनिन्छ । राजा जितारी मल्लले पहिलो पल्ट गलकोट प्रवेश गर्ने क्रममा ११ थरघरका मानिसहरूसँगै लिएर आएका थिए भनिन्छ । आज गलकोटमा झण्डै ५० थरघरका मानिसहरू बसोबास गर्दै आएको देखिन्छ । बहुजाति, भाषा र संस्कृति सभ्य समाजका लागि सुन्दर बगैँचा मानिन्छ । तसर्थ गलकोट आफैँमा एउटा सुन्दर बगैँचा हो । कुनै समयमा पेसा, उपाधि र स्थान विशेषबाट विकास भएका थरघर आज जात विशेषमा परिणत भएको छ । यी जातजातिहरूका आआफ्नै थर, गोत्र, कुलपूजा वा मस्टो परम्परा, पेसा, सीप, पैतृक गुण र विशिष्ट क्षमता रहिरहेका छन् । यी सबै विशिष्ट पहिचान र क्षमतालाई जोगाइ राख्नु मानवीय कर्तव्यभित्र पर्दछ ।

आधुनिक सभ्यताको विकाससँगै बाटो बिस्तार, दैवी प्रकोप, देखासिकी, भौतिक सुविधा र विलासितासँगै मस्टो परम्परामा पनि निरन्तरतासँगै अनुकूलन र रूपान्तरणका प्रभावहरू देखिएका छन् । कतिपय मस्टोका थानहरू वस्ती विस्थापनसँगै लोप भएका छन् भने कतिपय मस्टोका थानहरू मन्दिरमा परिणत भइसकेका छन् । खुला आकाशमुनि रमाउने मस्टो, बराह र भुमे देवता मन्दिरभित्र बन्दी भएका छन् । यसरी निराकार वायुशक्ति वा मस्टोलाई साकार रूप दिने क्रममा मूर्तिपरम्पराको विकास भएको छ भने मूर्तिको संरक्षण गर्ने क्रममा मन्दिरको देखासिकी बढ्दो क्रममा छ । मस्टोका मौलिक विशेषताहरूको खोजी, संरक्षण र संवर्द्धन गर्नु सचेत नागरिकको कर्तव्य हो ।

### २.६ बराहथान

गलकोटका रैथाने निराकार अदृश्य शक्तिमा बराह, माई, झाँक्री, देवी, भैरम, सिद्ध आदि हुन् । यी देवीदेवताको शक्तिपीठलाई थान भनिन्छ । नेपाली समाजमा बराहथान, माईथान, झाँक्रीथान, देवीस्थान, भूमेथान, भैरमथान, सिद्धथान आदि नाम गरेका असंख्य थानहरू गाउँगाउँमा छयापछयाप्ती पाइन्छन् (थापा, २०७९, पृ. २) । यीमध्ये पनि बराहथान बढी प्रचलनमा रहेको शब्द हो । मस्टो खसका कुल र बराह मगरका कुल हुन् भन्ने जनविश्वास रहेको छ । मस्टोका थानहरू प्रायः जङ्गल वा पाखो, फल वा फूलको रुखमुनि र ओढार वा पहाडको चुचुरोमा पाइन्छन् भने बराहका थानहरू प्रायः पानीको मुहान, तलाउ वा सिमसार क्षेत्रमा रहेको देखिन्छ । तसर्थ बराहलाई जलदेवता पनि भनिन्छ । प्रायः बराहथानमा मगरपुजारी रहेको, तलाउको बिच वा कुनामा विशेष प्रजातिको रुख र उभौली वा उधौलीको पर्व विशेषमा भेडाको साँढले पूजा गर्ने चलन रहेको देखिन्छ । बराहको पूजा रुखमुनि गरिने हुनाले बराहलाई पनि मस्टोलाई जस्तै छानो र मन्दिरको आवश्यकता पर्दैन भन्ने परम्परित मान्यता रहेको देखिन्छ ।

खसहरूले मस्टो र बराहलाईसँगै राखेर मामाभान्जाको प्रतीकका रूपमा बोको र साँढले बलि दिने चलन हुन्छ । बराहका सम्बन्धमा पनि अनेकौँ किंवदन्तीहरू पाइन्छन् । १८ भाइ मस्टोकी एउटी बहिनी मन्डाल्नी र उनैका १२ भाइ छोरा वा मस्टोका भान्जाहरूलाई बराह भनियो र मन्डाल्नीका नौ बहिनी छोरीलाई बजु वा देवी भनिएको हो भन्ने किंवदन्ती पनि सुन्न पाइन्छ (थापा, २०८० ख, पृ. ६९) । बराहलाई कतै मस्टोको सहयोगी पनि भनिन्छ । कतिपय कुल्यानथान र कोटथानहरूमा मस्टोको हतियार

(खड्ग) का नाममा बोको र बराहको हतियार आलम (रचन वा रक्तचन्दनका लौरा) का नाममा साँढ पूजा गर्ने चलन पनि हुन्छ । गलकोटको ठुल्कोटमा पनि मस्टो–बराहका नाममा बोको र साँढको बलि चढाइन्छ ।

बागलुङको ढोरपाटन स्थित ढोर–बराहथान एक प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थल हो । बागलुङका प्रायः जनजाति भएको गाउँमा बराहथान बढी प्रचलनमा रहेको र मगर पुजारीले पूजा गर्ने गरेको देखिन्छ । गलकोटको झुले, हुग्दीशिरको बराहकोट (बाह्रकोट), गाजाको दह स्थित बराहदह (बराहताल), भकुण्डेको सिद्धबराह (बराहताल) आदि बराहथानका केही उदाहरण हुन् । यी बराहथानहरू मगर समूदायभित्रै रहेर पनि आफ्नो मौलिकपन गुमाउँदै गएको देखिन्छ । यी बराहथानहरूमा पनि प्राकृतिक पूजापद्धतिको सट्टामा आधुनिक शास्त्रीय पूजाविधिको अवलम्बन हुँदै गएको देखिन्छ । गलकोटका हरेक थरघरको मस्टो वा कुलपूजामा मस्टो र बराहका नाममा बलि चढाउने परम्परा रहेको छ ।

यसरी गलकोटमा बराहप्रतिको आस्था र लोकविश्वास कायम रहँदा रहँदै पनि बराहको थान र पूजापद्धतिमा अनुकूलनसँगै रूपान्तरण आएको छ । अन्यत्र जस्तै बराहसँग जोडिएका प्राकृतिक र अलौकिक सन्दर्भहरू यहाँ लोप भई शास्त्रीय र पौराणिक सन्दर्भहरू जोडिएका कथाहरू सुन्न पाइन्छ । बराहका प्रकार, सन्दर्भहरू, रहस्यमय घटनाहरू, पूजाविधि र अनुकूलन तथा रूपान्तरण ठाउँअनुसार फरकफरक प्रकृतिका पाइन्छन् । गलकोटमा रहेका बराहका थानहरू संरक्षण र थप अनुसन्धानको पर्खाइमा रहेका छन् ।

### २.७ झाँक्रिथान

निराकार र अदृश्य दैवी शक्तिलाई झाँक्री भनिन्छ । झाँक्री आफैँमा बहुअर्थी शब्द हो । यिनै अलौकिक शक्तिका विषयमा तन्त्रमन्त्र, झारफुक र गजोढ्याङ्ग्रो ठोकेर काँप्ने व्यक्तिलाई पनि झाँक्री भनिन्छ । यी झाँक्री बस्ने स्थानलाई झाँक्रीथान वा झाँक्रिस्थान भनिन्छ । समाजमा यस्ता झाँक्रीहरू र झाँक्रीथानहरू यत्रतत्र पाइन्छन् । ठाउँ र समुदायअनुसार झाँक्रीका थान, झाँक्रीहरू र पूजाविधि फरकफरक हुन्छन् । झाँक्रीहरू पनि कतै पाँच भाइ, कतै सात भाइ, कतै १६ भाइ, त कतै १८ भाइ भएको विश्वास गरिन्छ । झाँक्रीको संख्या पत्तालगाउने, नाम पर्गेल्ने र पूजाविधि बताउने काम उनै झाँक्री वा लामाले गर्ने गर्दछन् । गलकोट नगरपालिका (नपा) भित्र सयौंको संख्यामा यी झाँक्रीका थानहरू रहेका छन् । यहाँ गनपाभित्रको रिङ्गे झाँक्रीको प्रचलित किंवदन्तीका विषयमा संक्षिप्त चर्चा गरिएको छ ।

गलकोट नपा तीन, छहरे खोलाको सर्सेधारामा अवस्थित रिङ्गे झाँक्रीका कसैले १६ भाइ त, कसैले सात भाइ भएको किंवदन्ती सुनाउँछन् । कुलराज शर्मा (वर्ष ८७, घाइरन) ले छहरे खोलामा ब्रह्मा, अयर, सिकारी, रिङ्गे, भूत, बराह र सिरमझाँक्रीको नाम बताउँछन् भने सन्तबहादुर खत्री (वर्ष ६८, स्याँला) ले यसैमा थप सुना, वन, नाग, जल, लाटा, लट्टे, डुलुवा, गोठाला र बुढा गरी कुल १६ भाइ झाँक्रीको नाम र ती झाँक्रीले गर्ने कामसमेत बताउँछन् । कुलराज शर्मा (वर्ष ८७) लाई ९ वर्षको उमेरमा ब्रह्मा झाँक्री उत्रेको हुँदा उनले केही समय लामा (झाँक्री) भई झाँक्रीको सेवा गरेको अनुभव उनी सुनाउँछन् । तर पछि उनी झाँक्रीविद्या त्यागेर शास्त्रीय अध्ययनमा लागेका अनुभव सुनाउँछन् ।

यी सबै झाँक्रीको बासास्थान एउटै नभएर स्थानअनुसार फरकफरक ठाउँमा बस्ने र आआफनो स्वभाव अनि रुचिअनुसारको भोग खाने विश्वास गरिन्छ । ब्रह्मझाँक्रीलाई रक्तबलि नचढ्ने हुँदा दुग्ध परिकार, रोटी, सेता धजा, सेता अछेता, जौ, तिल आदिले पूजा गर्नुपर्छ भन्ने विश्वास रहेको पाइन्छ । अन्य रक्तबलि चढाइने झाँक्रीलाई ठाउँअनुसार र पुजारु व्यक्ति वा समुदायको गच्छेअनुसार भेडाको साँढे, बोको, भाले, हाँस, परेवा, कुखुराको अण्डा, कुपिण्डो आदिले पूजा गर्ने गरेको पाइन्छ । आफ्ना बाबुबाजेले गर्दै आएको विधि पूर्वक निश्चित स्थान, तिथि र मितिमा झाँक्रीको पूजा गरिन्छ । कुलराजको भनाइअनुसार जम्दार बाजुरे खत्रीले वि.सं. १९७९ तिर

आफ्नै छहरेको बारीमा ब्रह्मा झाँक्रीको मन्दिर बनाएर पूजा गर्ने कोशिस गरेको तर झाँक्री मन्दिरमा बस्न नमानेपछि उक्त मन्दिर पछि भग्नावशेषमा परिणत भएको अनुभव उनी सुनाउँछन् । यसबाट पनि झाँक्री मन्दिरमा बस्दैनन् र झाँक्रीलाई थानको आवश्यकता हुन्छ भन्ने विश्वास गरिन्छ ।

गलकोट छहरे खोलाको सर्सेधारामा हरेक वर्ष जेठ र मङ्सिर महिनाको देवाली पक्ष वा उभौली र उधौली तिथिमा पाँच मेडोसहित पूजा गरिन्छ । यस सर्सेधारामा रिठेझाँक्रीलाई बोको, सुनझाँक्रीलाई भाले, भूतझाँक्रीलाई अण्डा, ब्रह्माझाँक्रीलाई कुपिण्डो र कमल जैशीलाई परेवा बलि चढाइन्छ (खत्री, वर्ष ६८) । अन्य नागनागिनी, भूतप्रेत र थानीमण्डलीका नाममा धूपधजा चढाइन्छ । साथै खिर्राको बोटमा बाँसको लिङ्गोसँगै रातासेता धजा बाँधिन्छ । यस झाँक्रीथानका मुख्य विशेषता भनेकै पानीको मुहानमा खिर्रो लगायत अन्य दूध आउने प्रजातिका रुखहरू हुनु, पानीका मुहानका यी रुखहरू काट्नु हुँदैन भन्ने मान्यता रहनु, भौतिक संरचनामा झाँक्री बस्दैनन् भन्ने मान्यताले गर्दा कृत्रिम संरचना नबनाइनु, त्यसवरिपरिका जलचर र थलचर प्राणी (सर्प, भ्यागुता, माछा) मार्नु हुँदैन र थानवरिपरि फोहोर मैला गर्नु हुँदैन भन्ने मान्यताले गर्दा पारिस्थितिक प्रणाली र जैविक विविधतामा यसको विशेष महत्त्व झल्किन्छ । गलकोट नपाभित्र रहेका यी र यस्तै अदृश्य वायुशक्ति र प्रकृतिमैत्री थानहरूको संरक्षणले पारिस्थितिक प्रणाली र जैविक विविधतामा निक्कै ठूलो भूमिका खेलेका छन् ।

झाँक्रीलाई दैवीशक्तिको प्रतीक मानिन्छ । झाँक्री बेखुसी हुँदा मानिस, पशुपंक्षी र खेतीबालीमा समेत क्षति हुन्छ भन्ने जनविश्वास छ । तसर्थ शुभसाहित गर्न, उन्नतिप्रगतिको कामना गर्न, निरोगी र स्वास्थ्यलाभको कामना गर्न पनि झाँक्रीको भाकल गर्ने र पूजागर्ने प्रचलन अद्यापि रहिआएको छ । खुला आकाश, ओढार, लामो आयु हुने बोट, दुधालु प्रजातिको रुख वा जलाधारको निकट ढुङ्गाको थानमाथि बस्ने मस्टो, बराह, झाँक्री, दोख्ला वा वायु आदिलाई आधुनिक युग सापेक्ष भव्य मन्दिरमा सजाएर राख्नु पर्छ भन्नेहरूको मत एकातिर छ भने अर्कातर्फ यी प्रकृति मैत्री देवीदेवताहरूलाई प्राकृतिक रूपमै राख्नुपर्दछ भन्नेहरू पनि समाजमा छन् । वास्तवमा प्रकृति मैत्री थानलाई प्राकृतिक अवस्थामा संरक्षण गर्नुपर्दछ । यी विषयमा अब नयाँ बहस पनि चलाउनु पर्दछ । सयौँ जलचर र थलचरको आवास, मानिस र पशुपंक्षीको छाहारी तथा पारिस्थितिक प्रणालीमा सन्तुलन कायम राख्ने प्रजातिका रुखहरू यिनै प्रकृतिमैत्री थानका माध्यमबाट संरक्षणको अभियान चलाउनु पर्दछ । प्रकृतिमैत्री यी र यस्ता थानको मानलाई जोगाइ राख्नु हामी सबैको कर्तव्य हो ।

## ३. नतिजा र विश्लेषण

आनन्दबम मल्लदेखि राजा कीर्तिबम मल्लसम्मको १४ पुस्ताले करिब तीन सय वर्ष पर्वत राज्य सञ्चालन गरेको पाइन्छ । यही पर्वत राज्यबाट भाइअंश स्वरूप प्राप्त भएको गलकोट राज्यमा राजा जितारी मल्लदेखि राजा भरतबम मल्ल (२०१७) सम्मका १५ पुस्ताले गलकोटमा राजा र रजौटाका रूपमा राजकीय सत्ता चलाए । यही राजपरम्पराको छत्रछायामा गलकोटका सांस्कृतिक सम्पदाहरू संरक्षित र संवर्धित भएका थिए । गलकोटको राजनीतिक र सांस्कृतिक पृष्ठाधारको अध्ययन गर्दा गौरवशाली इतिहास, गर्बिलो राजपरम्परा, संस्कारी राजनीति, मौलिक संस्कृति, सांस्कृतिक विविधता, मौलिक सम्पदा, भावनात्मक एकता र पर्यटकीय सम्भावनाहरू भेटिएका छन् । गलकोटको राजपरम्पराले एक प्रकारको रामराज्य भन्ने प्रभाव छोडेको छ । गलकोटमा आएका अनेकौँ राजनीतिक उतारचढावहरूले पनि गलकोटेको पहिचानलाई निरन्तरता दिएको छ । गलकोटका सांस्कृतिक परम्पराहरूमा अनेकौँ उतारचढावहरू आए । तर पनि सांस्कृतिक निरन्तरतासँगै अनुकूलन र रूपान्तरणका परिणामहरू यथावत कायमै रहेका छन् । गलकोटमा माईका थानहरू कोटथानमा अनुकूलन भएको देखिन्छ भने कोटथानहरू पनि क्रमिक रूपमा आधुनिक मन्दिरमा अनुयोजन र रूपान्तरण भएको देखिन्छ ।

परम्परित माई, मस्टो, बराह, झाँक्री, भैरम, सिद्ध आदिको थानमा सबै जातजातिको धार्मिक आस्थाले निरन्तरता पाइरहेको छ । यस अध्ययनले गलकोटको राजपरम्परा, कोटथान, माईथान, मस्टोथान, बराहथान, झाँक्रीथान र विभिन्न जातजातिको कुलपूजा पद्धतिलाई प्रकाश पारेको छ ।

## ४. निष्कर्ष

गलकोटको राजनीतिक र सांस्कृतिक पृष्ठभूमिमा गौरवशाली इतिहास, गर्बिलो राजपरम्परा, संस्कारी राजनीति, मौलिक संस्कृति, भावनात्मक एकता र प्रचुर पर्यटकीय सम्भावनाहरु भेटिएका छन् । गलकोटको सांस्कृतिक सम्पदामा सामाजिक एकताको भाव झल्किएको देखिन्छ । माईथान, कोटथान वा मन्दिर जे नामले सम्बोधन गरिए पनि सबै जातजातिको धार्मिक सहअस्तित्व कायम हुँदै आएको छ । यसमा सहअस्तित्व, सहिष्णुता र परम्परागत मान्यताले निरन्तरता पाइरहेको छ । राजनीतिमा देखिएको सत्ता परिवर्तन, प्रशासनिक संरचनाको फेरबदल र अस्थिरतासँगै परम्परित पूजापद्धति, मौलिक संस्कृति र प्रकृतिमैत्री थानको अवधारणामा क्रमशः ह्रास आएको देखिन्छ । यति हुँदाहुँदै पनि सांस्कृतिक सम्पदाप्रतिको सचेतना, भावनात्मक एकता र पर्यटकीय आकर्षणका सम्भावनाहरु बढ्दै गएका छन् । गलकोटवासीले आगामी दिनमा परम्पराको निरन्तरता, सहअस्तित्व कायम, पर्यटन प्रवद्र्धन र प्रकृतिमैत्री थानहरु संरक्षणमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । गलकोटको राजपरम्पराले जनताको अभिभावकीय भूमिका निर्वाह गर्नु पर्दो रहेछ भन्ने पाठ राजनेतालाई सिकाएको छ । सांस्कृतिक धरोहर मानिने थानहरु, कोटहरु र प्राकृतिक शक्तिपीठहरु हाम्रै पुर्खाका नासोहरु हुन् । यी पुर्खाका नासोहरुलाई संरक्षण गर्दै आफ्ना सन्ततिलाई पुस्तान्तरण गर्दै लैजानुपर्ने देखिन्छ । साथै कतिपय लोपोन्मुख अवस्थामा रहेका यी ऐतिहासिक र सांस्कृतिक सम्पदामा सम्बन्धित सबै पक्षको ध्यान केन्द्रित हुनु आवश्यक छ । यी ऐतिहासिक र सांस्कृतिक सम्पदाहरुको संरक्षण गरी थप अध्ययन गर्न चाहनेहरुका लागि यो लेख महत्त्वपूर्ण सन्दर्भसामग्री बन्ने अपेक्षा गरिएको छ ।

## लेखकको संलग्नता

**प्रा.डा. दिनबहादुर थापा**
प्राध्यापक, त्रिवि, केन्द्रीय नेपाली शिक्षा विभाग
धवलागिरि बहुमुखी क्याम्पस, बागलुङ

## सन्दर्भसामग्री सूची

१. **खत्री, प्रेमकुमार** (२०५८), नेपालका धार्मिक मत र सामाजिक संरचना, एक के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।
२. **खत्री, सन्तबहादुर** (सम्पा. २०७८), कोतको इतिहास, कोतपूजा व्यवस्थापन समिति, गलकोट नगरपालिका ।
३. **गुरुङ, जगमान** (२०७६), खश जाति र मष्टो परम्पराबारे जानकारी www.samajkoawaj.com (2080\04\20)
४. **गौतम, कृष्ण** (२०४४), गलकोट राज्यको ऐतिहासिक रूपरेखा, स्नातकोत्तर तह, केन्द्रीय इतिहास विभाग त्रिवि कीर्तिपुर, अप्रकाशित शोधपत्र ।
५. **गौतम, कृष्ण** (२०७८), गलकोटे राजाबंशको इतिहास, कोतको इतिहास, कोतपूजा व्यवस्थापन समिति, गलकोट नगरपालिका, पृ. ७–१२ ।
६. **थापा, दिनबहादुर** (२०५०), गलकोट क्षेत्रमा प्रचलित लोकगीतको सर्वेक्षण र अध्ययन, स्नातकोत्तर तह, केन्द्रीय नेपाली विभाग त्रिवि कीर्तिपुर, अप्रकाशित शोधपत्र ।
७. **थापा, दिनबहादुर** (२०७३), बगाले थापाको वंश विगतदेखि वर्तमानसम्म, सातसय बगाले थापा समाज ।
८. **थापा, दिनबहादुर** (२०७८), गलकोटको संक्षिप्त इतिहास, (https:// dinthapa.com.np/galkot, August 27, 2021).
९. **थापा, दिनबहादुर** (२०७९), धवलागिरिको साहित्यिक इतिहाससँग जोडिएका सन्दर्भहरू, प्रज्ञा–सारथि, त्रि.वि.प्राध्यापक संघ, एकाइ समिति धवलागिरि बहुमुखी क्याम्पस, वर्ष २२, अङ्क २१, पृ. १–१०, DOI: 10.3126/ps.v21i1.59647।
१०. **थापा, दिनबहादुर** (२०८० क), बगाले थापाको कुल र कुल्यानथान, स्वाभिमान, सातसय बगाले थापा समाज, गलकोट, २५ औं रजत विशेषङ्क, पृ. ५–२३ ।

११. **थापा, दिनबहादुर** (२०८० ख), खस जातिको ऐतिहासिक पृष्ठाधारमा बगाले थापाको मस्टो परम्परा, प्रज्ञा–सारथि, त्रि.वि.प्राध्यापक संघ, एकाइ समिति धवलागिरि बहुमुखी क्याम्पस, वर्ष २३, अङ्क २२, पृ. ६६–७३ (DOI: 10.3126/ps.v22i1.64843).

१२. **थापा, बेलुकाजी** (२०८०), गलकोटका जात जातिहरूको इतिहास र कुलपूजा, स्वाभिमान, सातसय बगाले थापा समाज, गलकोट, २५ औं रजत विशेषङ्क, पृ. १०८–१२० ।

१३. **देवकोटा, रत्नाकर** (२०६४), बृहत् जुम्ला राज्यको ऐतिहासिक विवेचना, कुमार खड्ग प्राइभेट स्टडिज ।

१४. **पोखरेल, माधवप्रसाद** (२०७६), मस्टो हाम्रो कुलदेवता,https://jhannaya.nayapatrikadaily.com/news-details/652/2019 (2080\7\15)

१५. **बानियाँ, चन्द्रप्रकाश** (२०६२), ऐतिहासिक पर्वत राज्य, म्याग्दी पुस्तकालय ।

१६. **बानियाँ, चन्द्रप्रकाश** (२०७९), चौबीसी राज्य पवर्त, शिलान्यास (विस्तार, विभाजन र विस्थापन), शिखा बुक्स ।

१७. **मल्ल, मोहनबहादुर** (२०२८), पर्वतको इतिहास, प्राचीन नेपाल, पुरातत्व विभागको मुखपत्र पृ. ४२–५३) ।

१८. **नेपाली, चित्तरञ्जन** (२०२२), जनरल भीमसेन थापा र तत्कालीन नेपाल (दोस्रो संस्करण), रत्नपुस्तक भण्डार ।

१९. **रेग्मी, जग्दीशचन्द्र** (२०२३), पर्वत राज्यको इतिहासः एक दृष्टि, हिमाली, नेपाली साहित्य संस्थान, वर्ष ३, अंक ११, पृ. ५३–६० ।

२०. **शर्मा, गोपीनाथ** (२०७१), चौबीसी राज्यको इतिहासः शिक्षा, कला र संस्कृति, मकालु प्रकाशन ।

२१. **शर्मा, देवीप्रसाद** (२०५१), आधुनिक नेपालको इतिहास (तेस्रो संस्क.), रत्नपुस्तक भण्डार ।

२२. **शर्मा, विष्णुप्रसाद** (२०५१), बागलुङको ऐतिहासिक रूपरेखा, धवलागिरि साहित्य पुरस्कार प्रतिष्ठान ।

२३. **शर्मा, विष्णुप्रसाद** (२०७०), दर्शनीय ऐतिहासिक स्थल, कारीकोट बारे केही कुरा, प्रज्ञा–सारथि, स्वर्ण महोत्सव विशेषाङ्क, त्रि.वि. प्राध्यापक संघ, एकाइ समिति धवलागिरि बहुमुखी क्याम्पस, पृ. ७–१८ ।

२४. **श्रेष्ठ, टेबहादुर** (२०५९), पर्वत राज्यको ऐतिहासिक रूपरेखा, नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

२५. **Gurung, O. P.** (1996), Customary systems of natural resource management among Tarami Magars of Western Nepal. Unpublished Ph.D. Dissertation, Faculty of the Graduate School of Corell University.


## मुख्य सूचनादाताको सूची

१. **कुलराज शर्मा** (वर्ष ८७), गलकोट नगरपालिका वडा नं. ३, घाइरन, बागलुङ (संवाद, २०८०/०५/०२) ।

२. **टीकाराम न्यौपाने** (वर्ष ६४), गलकोट नगरपालिका वडा नं. ४, नुवाकोट, बागलुङ (फोन संवाद, २०८०/०५/१३) ।

३. **तमबहादुर थापा** (वर्ष ७१), धवलागिरि गाउँपालिका, वडा नं. ७, ताकम, म्याग्दी (संवाद, २०८०/११/१०) ।

४. **देवेन्द्र खत्री** (वर्ष ५७), गलकोट नगरपालिका वडा नं. ३, सिगाला, बागलुङ (संवाद, २०८०/०५/०१) ।

५. **बमबहादुर बस्नेत** (वर्ष ८८), गलकोट नगरपालिका वडा नं. ६, बाँझबारी (संवाद,२०७७/११/१७) ।

६. **मञ्जेशबम मल्ल**, गलकोट नगरपालिका वडा नं. ६ हरिचौर (गलकोट राजपरिवार सदस्य, फोन सम्पर्क) ।

७. **सन्तबहादुर खत्री**, वर्ष ६८, गलकोट नगरपालिका वडा नं. ३, सिगाला, बागलुङ (संवाद २०८०/०५/०१) ।

**TO CITE THIS ARTICLE**

Thapa, D. B. (2024). गलकोटको राजनीतिक र सांस्कृतिक पृष्ठभूमि (The political and cultural background of Galkot). *International Research Journal of MMC, 5*(5), 38–58.
https://doi.org/10.3126/irjmmc.v5i5.73577

**Submitted:** 24 August 2024 **Accepted:** 10 September 2024 **Published:** 31 December 2024

**COPYRIGHT**

©2024 The Author(s). This is an open-access article distributed under the terms of the Creative Commons Attribution 4.0 International License (CC-BY-NC 4.0), which permits unrestricted use, distribution, and reproduction in any medium, provided the original author and source are credited. See https://creativecommons.org/licenses/by-nc/4.0/

*International Research Journal of MMC (IRJMMC)* is a peer-reviewed open access journal published by Research Management Cell, Makawanpur Multiple Campus, Hetauda